का.जि.प्र.का.द.नं. १००/०५९/६०
१७ साउन २०८२,
शनिबार
2 August, 2025
Saturday
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक १८१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# आफन्तकै डर

## ५ वर्षमा ४० को हत्या, ७ सय ५ जना पक्राउ

**तेज वन/मध्यान्ह**
इटहरी, १६ साउन ।

कतिपय अपराधमा आफन्तको संलग्नता रहँदा समाजमा त्रास पैदा भएको छ । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका अनुसार पछिल्लो पाँच वर्षको तथ्यांकले ४० जनाले ज्यान गुमाएको घटनामा आफन्तको संलग्नता रहेको देखाउँछ ।

यही २०८२ साउन ७ गते सुनसरीको देवानगन्ज-३ का ६० वर्षीय बाबु सबिब अन्सारीको हत्या भयो । सबिबलाई अंश विवादमा उनकै छोरा मोहम्मद रियाज अन्सारीले छुरा प्रहार गरेको देखिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार हत्यामा संलग्न अन्सारीलाई नियन्त्रण छन् र थप अनुसन्धान भइरहेको छ ।

यस्तो घटना विगतमा पनि भएका छन् । आर्थिक वर्ष २०७६/७७ देखि २०८१/८२ को असार मसान्तसम्ममा आफन्तकै संलग्नतामा ३९ जनाले ज्यान गुमाएका छन् । पछिल्लो एउटा घटना थपिएपछि यस्तो संख्या ४० पुगेको हो ।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको तथ्यांकअनुसार पाँच वर्षको अवधिमा १ हजार २२ वटा हत्याका घटना भएका छन् । जसमा ४० वटा घटनामा आफन्त नै संलग्न रहेको पाइएको हो ।

हत्यामा संलग्न रहेको आरोपमा ७ सय ५ जना पक्राउ परेका छन् भने ३ सय ६३ जना फरार रहेका छन् । ३४ जना गम्भीर र १ सय ६३ जना सामान्य घाइते भएको प्रहरी तथ्यांकमा उल्लेख छ ।

गएको आर्थिक वर्ष २०८१/८२ मा मात्रै २ सय ४२ हत्याका घटना भएका छन् । जसमा १६ जना आफन्तबाटै मारिएको प्रहरी तथ्यांकमा उल्लेख छ । यही अवधिको घटनामा संलग्न १ सय ९० जना पक्राउ परेका छन् भने ६९ जना फरार रहेको प्रहरी तथ्यांकमा उल्लेख छ । आर्थिक वर्ष २०८१/८२ मा २ सय ४२ हत्याका घटना हुँदा १५ जना गम्भीर र १ सय २ जना सामान्य घाइते भएका छन् ।

»» पृष्ठ २ मा



**घटना १** : २०८२ साउन ७ गते सुनसरीको देवानगन्ज-३ का मोहम्मद रियाज अन्सारीले अंश विवादमा छुरा प्रहार गरी ६० वर्षीय बाबु सबिब अन्सारीको हत्या गरे । जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार हत्यामा संलग्न अन्सारी प्रहरी नियन्त्रणमा आएका छन् र थप अनुसन्धान भइरहेको छ ।

**घटना २** : २०८२ वैशाख ५ गते सुनसरी इटहरी उपमहानगर-२ की २४ वर्षीया चुनकुमारी दाहालको हत्या भयो । यो हत्या कोरियामा रहेका ३१ वर्षीय श्रीमान् प्रेमबहादुर बुढाथोकीले बनाएको योजनाअनुरूप भएको आशंका छ । यसमा संलग्न ६ जनालाई इलाका प्रहरी कार्यालय धरानले पक्राउ गरेको छ ।

**घटना ३** : २०८२ असार २१ गते भोजपुरको रामप्रसाद राई गाउँपालिका-२ को धोद्लेखानीमा एकै परिवारका चार जनाको हत्या भयो । पाहुना बनेर ससुराली आएका भोजपुर नगरपालिका-२ का राजेन्द्र राईले श्रीमती मनीषा गिरी, ससुरा बेलबहादुर गिरी, सासु मञ्जु गिरी र नौ वर्षीय सालो सपन गिरीको हत्या गरेको आरोप लागेको छ । राई प्रहरी नियन्त्रणमा छन् ।

# आधा माया एमालेमै !



विरोधी शक्तिहरु नेकपा एसलाई कमजोर बनाउन अनेकन खेल खेल्दै छन्, पार्टीका जिम्मेवार नेताहरुले पनि बोल्दा अलि विचार पुऱ्याउनुपर्छ

**जगन्नाथ खतिवडा**
उपाध्यक्ष, नेकपा एस




**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १६ साउन ।

नेकपा एकीकृत समाजवादीमा बसेर पार्टी निर्णय र नेतृत्वविरुद्धमा लाग्दै आएका नेताहरूले आधा माया नेकपा (एमाले)तर्फ देखाउँदै आएका छन् । एमाले अध्यक्ष केपी शर्मा ओलीको एकाधिकारवादी शैली, गैरसंवैधानिक र पार्टी विधानविपरीतका गतिविधि थाम्न नसकेर नयाँ पार्टी दर्ता गरेका उनीहरू अहिले आएर एमालेप्रति नरम र आफ्नै नेता माधव नेपालप्रति गरम देखिएका हुन् ।

पार्टी स्थापनाताका नेता माधवकुमार नेपाललाई हात समाएर दल दर्ताका लागि निर्वाचन आयोग पुऱ्याउने रामकुमारी झाँक्रीदेखि पार्टीका शीर्ष नेताहरू नै एमालेप्रति सकारात्मक देखिएका छन् । एमालेबाट चोइटिएर बनेको नेकपा एसको नेतृत्व गरेका माधवकुमार नेपाल दोस्रो कार्यकाल अध्यक्ष बनेका छन् । नेपाललाई अध्यक्षमा टक्कर दिन नयाँ पुस्ताका नेता घनश्याम भुसाललगायतले कम्मर कसे पनि अन्ततः दोस्रो कार्यकालमा आफैं अध्यक्ष बनेपछि नेताहरू नेपालप्रति रिसाएका छन् । पार्टीको गत वर्षको महाधिवेशनमा वर्तमान सम्मानित नेता झलनाथ खनाल पनि अध्यक्षको दाबेदार थिए । महाधिवेशनमा अध्यक्ष बन्ने खनालको

»» पृष्ठ २ मा

# माओवादीमा उठ्यो एसको प्रसंग



एकीकृत समाजवादीसँगको एकता सकारात्मक छ, तर झलनाथ र वामदेवको एकता प्रक्रिया रोक्ने खालका गतिविधि र अभिव्यक्ति आइरहेका छन् ।

**अग्नि सापकोटा**
प्रवक्ता, नेकपा माओवादी केन्द्र

नेकपा एसभित्रको आन्तरिक विवाद र नेताहरूबीचको टकरावका सन्दर्भमा प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रको पोलिटब्युरो बैठकमा समेत कुरा उठेको नेकपा माओवादी केन्द्रका नेताहरूले बताए । बैठकका एजेन्डासहित पछिल्लो घटनाक्रमका विषयमा ब्रिफिङ गर्ने क्रममा नेकपा एकीकृत समाजवादीसँग पार्टी एकता सकारात्मक भएको जानकारी गराए । साउन ११ र १२ गते प्रचण्ड निवास खुमलटार र सिंहदरबारमा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालसँग भएको छलफलबारे प्रचण्डले बैठकलाई जानकारी गराएका छन् ।

»» पृष्ठ २ मा

# घर गए गुप्ता, ढुक्क बलराम

*पोखरास्थित लिचीबारीको १ सय ३४ रोपनी जग्गा हडप्न घुस डिल गरेको आरोप लागेपछि संघीय मामिला मन्त्रीबाट राजकुमार गुप्ता हटे । तर, भूमि व्यवस्थामन्त्री बलराम अधिकारी ढुक्कले मन्त्रालय हाँकिरहेका छन् ।*



यदि अडियो गलत हो भने सार्वजनिक गर्नेमाथि छानबिन होस् । होइन सही हो भने मौन रहँदैमा उन्मुक्ति पाउने भन्ने हुँदैन ।

**हितराज पाण्डे**
प्रमुख सचेतक, माओवादी केन्द्र



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ साउन ।

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले पछिल्लो समय निरन्तर सामना गरिरहेको प्रश्न हो- १ सय ३४ रोपनी जग्गा हडप्न घुस डिल गरेको आरोपको सत्यता के हो ? तर मन्त्री अधिकारी न यो आरोप स्वीकार गर्छन् न अस्वीकार । आफूमाथि उठेको प्रश्नमा मौन छन् ।

अधिकारीलाई लागेकै आरोप लागेका संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता मन्त्रीबाट हटिसके । दुवैलाई कास्कीको पोखरास्थित लिची बगैंचाबारीको १ सय ३४ रोपनी जग्गा हडप्न घुस डिल गरेको आरोप लागेको छ । घुस डिल गरेको भनेर अडियो नै सार्वजनिक भएको छ । यससँगै विवादमा आएका गुप्ताले मन्त्री पदबाट राजीनामा दिए । तर बलराम ढुक्कले मन्त्रालय हाँकिरहेका छन् ।

प्रतिनिधि सभाअन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठक पछिल्लो समय निरन्तर बसिरहेको छ । भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयकमाथिको छलफलमा अधिकारी निरन्तर उपस्थित छन् । हरेक दिन विपक्षी दलका सांसदहरू घुस डिल प्रकरण के हो भनेर सोध्छन् । तर, अधिकारी जवाफ दिँदैनन् ।

गत बिहीबारको बैठकमा नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले अधिकारीलाई घुस डिल प्रकरणबारे प्रस्ट पार्न आग्रह गरेका थिए । तर, मन्त्री अधिकारी बोलेनन् ।

प्रतिनिधि सभाको बैठकमा समेत विपक्षी दलहरूले अधिकारीमाथि प्रश्न उठाउँदै आएका छन् । त्यहाँ पनि उनले जवाफ दिएका छैनन् । सार्वजनिक भएको अडियोमा लिची बगैंचाबारीको १ सय ३४ रोपनी

»» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# विभिन्न सामाजिक कार्यक्रमका साथ नीलकमलले मनायो १७औं वार्षिकोत्सव




**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ साउन ।

वैदेशिक रोजगार क्षेत्रको अग्रणी संस्था नीलकमल ह्युमन रिसोर्स प्रा.लि.ले विभिन्न कार्यक्रम गरेर आफ्नो १७औं वार्षिकोत्सव मनाएको छ । शुक्रबार बिहान केक काटेर १७औं वार्षिकोत्सवका कार्यक्रम सुरुवात गरेको उक्त प्रा.लि.ले सिनामंगलस्थित प्रकाश सन्यास आश्रममा रक्तदान तथा वृक्षारोपण कार्यक्रम गरेको छ ।

यस्तै प्रा.लि.ले वैदेशिक रोजगारका क्रममा कुवेतमा घाइते भएका झापाका रन्जन उप्रेतीलाई करिब दुई लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ । दुर्घटनामा एउटा खुट्टा गुमाएका उप्रेतीलाई कम्पनीले १ लाख ५१ हजार र कम्पनीका कर्मचारीले आफ्नो तलबबाट कटाएर ४७ हजार २१ रुपैयाँ प्रदान गरे ।

सन् २००८ मा युवा र व्यावसायिक टोलीबाट स्थापना भएको नीलकमल ह्युमन रिसोर्स प्रा.लि. विगत केही वर्षयता सबैभन्दा धेरै कामदार पठाएर धेरै कामदार पठाउने कम्पनीहरूको सूचीको शीर्ष स्थानमा रहँदै आएको छ । बैदेशिक रोजगार बिभागको तथ्यॉक अनुसार आर्थिक वर्ष २०८१/०८२ मा उक्त कम्पनीले ८ हजार ६ सय ७३ जना कामदार वैदेशिक रोजगारीमा पठाएर सबैभन्दा धेरै कामदार पठाउने कम्पनीहरुको सूचीमा पहिलो नम्बरमा परेको थियो ।

कम्पनीको अध्यक्षमा मेघनाथ भुर्तेलसहित सञ्चालकहरूमा जीवनाथ भुर्तेल (बलराम),

»» पृष्ठ २ मा

## साउदीको दम्माममा ३ सय ७१ नेपालीले पाए नयाँ राहदानी

**अन्जान गुभाजु/मध्यान्ह**
दम्माम, साउदी अरब, १६ साउन ।

साउदी अरबको पूर्वी क्षेत्र दम्माममा रियादस्थित नेपाली दूतावासले आयोजना गरेको राहदानी वितरण कार्यक्रममा ३ सय ७१ जना नेपालीले नयाँ राहदानी प्राप्त गरेका छन् ।

पूर्वी क्षेत्रका नेपाली श्रमिकहरूको सुविधालाई ध्यानमा राखेर गरिएको यस कार्यक्रममा दम्माम, जुबेल, अलहासा, खोबर, कतिफलगायतका स्थानमा कार्यरत नेपालीहरूले नयाँ राहदानी पाएका हुन् । दूतावासका अनुसार जुलाई ७ सम्म राहदानी नवीकरणका लागि आवेदन दिएका श्रमिकहरूलाई वितरण गरिएको हो ।

दूतावासका पूर्वी क्षेत्रका स्थानीय अधिकारी नारायण पासवानले राहदानी वितरण सेवाले श्रमिकहरूका लागि

»» पृष्ठ २ मा

## कतारमा श्रमिक समस्या समाधानका लागि हटलाइन नम्बर

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १६ साउन ।

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) कतारले हटलाइन नम्बर सार्वजनिक गरेको छ । एनसीसीको ११औं राष्ट्रिय एकता महाधिवेशनमार्फत अध्यक्षमा निर्वाचित भएसँगै एनआरएनए एनसीसी कतारका अध्यक्ष कृष्ण पन्थीले श्रमिकका लागि हटलाइन नम्बर सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । अध्यक्षको प्रतिबद्धताअनुसार बिहीबार साँझबाट ७०००१३५३ को नम्बर सार्वजनिक गरिएको हो ।

कतारमा समस्यामा परेका श्रमिकले आफ्ना समस्या एनसीसी कतारसमक्ष सिधै फोन र ह्वाट्सएपमार्फत राख्न सक्नेछन् । श्रमिकका गुनासा र समस्या संघका द्वितीय उपाध्यक्ष

»» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१७ साउन २०८२ शनिबार
2 August 2025, Saturday

# सबै एकजुट भएर अघि बढ्ने हो भने बहुमत ल्याउन सकिन्छ : देउवा

**काठमाडौं/मस–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेपालमा समावेशी लोकतन्त्र रहेको बताएका छन्। शुक्रबार पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्।

उनले नेपालको संविधानले महिला, आदिवासी, जनजाति, दलित सबैलाई जोडेको उल्लेख गरे। उनले समावेशी संविधानका बाबजुत कुनैपनि पार्टीको बहुमत नआउने अवस्था रहेको बताए। उनले कुनै न कुनै पार्टीसँग मिलेर सरकारमा जानुपर्ने स्थिति संविधानले निर्माण गरेको बताए। तर सबै एकजुट भएर अघि बढ्ने हो भने बहुमत ल्याउन पनि सकिने बताए।



सभापति देउवाले भने, 'यो देशका सबैलाई जोड्ने किसिमको संविधान छ। यसमा महिलाहरु, दलित, जनजाति, आदिवासी सबैलाई प्रतिनिधित्व राखेको छ। हाम्रो देशमा समावेशी लोकतन्त्र भन्दा हुन्छ। यस्तो राम्रो व्यवस्था छ। एउटा समस्या छ। समस्या के हो भने यो संविधानले गर्दा कुनैपनि पार्टीको बहुमत आउँदैन। कुनै न कुनै पार्टीसँग मिलेर सरकार बनाउनुपर्ने हुन्छ, कुनै न कुनै पार्टीसँग मिलेर सरकारमा जानुपर्ने हुन्छ। कुनैपनि पार्टीको स्पष्ट बहुमत आउँदैन। तैपनि पार्टी एक भएर अघि बढेको खण्डमा बहुमत आउन पनि सक्दछ। सबै मिलेर हामी हिंड्यौं भने हाम्रो देश अघि बढ्न सक्छ। समावेशितामा आधारित सबैको देशको रुपमा स्थापित भएको छ।'

सभापति देउवाले नेपालका थारु समुदायहरु जुनसुकै अफठ्यारो परि स्थितिमा पनि देशप्रति इमान्दारिताका साथ अघि बढेको बताए।

# 'विपद् न्यूनीकरण प्रभावकारी बनाउन राज्यको लगानी र नीति आवश्यक'

**काठमाडौं/मस–** सशस्त्र प्रहरी बल, नेपालका महानिरीक्षक राजु अर्यालले विपद् न्युनिकरण प्रभावकारी बनाउन राज्यको लगानी र नीति आवश्यक रहेको बताएका छन्।

शुक्रबार सशस्त्र प्रहरी बल,नेपालद्वारा आयोजित विपद्सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रममा बोल्दै उनले सरकारले विपद् व्यवस्थापनलाई प्राथमिकतामा नराखेसम्म जनधनको क्षति न्यूनीकरण गर्न नसकिने स्पष्ट पारे। महानिरीक्षक अर्यालले संविधानको रक्षा, मौलिक हक र मानव अधिकारको संरक्षण गर्नसमेत विपद् न्युनिकरणलाई पहिलो प्राथमिकता दिनुपर्ने बताए। 'नेपालमा प्रत्येक वर्ष सबैभन्दा बढी मानिसको मृत्यु विपद्जन्य घटनाबाट हुने गरेको छ। यद्यपि यसलाई राज्यले उच्च प्राथमिकतामा राखेको देखिँदैन,' उनले भने।

उनले मानव सिर्जित र प्रकृति जन्य विपद्को जोखिम न्युनिकरणका लागि नीतिगत तथा संस्थागत पहल अपरिहार्य रहेको उल्लेख गरे। 'यदि हामीले विपद्मा उचित नीति, लगानी र तयारी गरेनौं भने संविधान र नागरिकका अधिकारहरू जोगाउने काम अधुरो रहन्छ,' उनले थपे। महानिरीक्षक अर्यालले विपद् व्यवस्थापनमा सुरक्षाकर्मीहरूको सक्रियता मात्र नभई सबै सरोकारवाला निकायबीच समन्वय जरुरी भएको बताए। '२५ जनालाई लाइफ ज्याकेट र केही उद्धार सामग्री दिन सकियो भने प्रहरी नपुगेको अवस्थामा पनि स्थानीयवासीहरूले उद्धारमा सहयोग गर्न सक्नेछन्,'उनले भने।

उनले विपद् न्यूनीकरणका लागि संस्थागत तालिमहरू सबै सरोकारवालालाई उपलब्ध गराउने प्रतिबद्धता पनि जनाए।

### आफन्तकै...

यस अवधिमा भएका घटनामा नौ जना अबोध बालबालिकाले समेत ज्यान गुमाएको प्रहरी तथ्यांकले उल्लेख गरेको छ।

गएको २०८० चैत ७ गते मोरङको बेलबारीमा आफ्नै श्रीमतीको हत्या गरेर श्रीमानले पनि आत्महत्या गरे। बेलबारी-१ स्थित ६५ वर्षीय बमबहादुर लिम्बुले ७ गते मंगलबार राति ४५ वर्षीया श्रीमती गीता लिम्बुको हत्या गरेर आफूले पनि आत्महत्या गरे।

२०८० चैत २ गते मोरङ विराटनगर स्थित नोबेल शिक्षण अस्पतालमा कार्यरत स्टाफ नर्सको हत्या भएको तीन दिनपछि प्रेमीले पनि आत्महत्या गरेका थिए। स्टाफ नर्स चन्द्रिकाकुमारी दासको हत्या आरोपी युवक सिरहाकै २२ वर्षीय शिवशंकर दास अस्पतालनजिकैको होटलमा मृत भेटिएका थिए।

अपराधका घटनामा आफन्त नै संलग्न रहेको देखिँदा सामाजिक सद्भाव खलबलिनुका साथै पारिवारिक सुरक्षाप्रति प्रश्न उठ्न थालेको छ।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रहरी प्रवक्ता एसपी दीपक पोखेलका अनुसार अधिकांश आफन्त जोडिएका अपराधका घटनामा प्रेम, यौन र धन पैसा मुख्य कारण रहेको पाइएको छ।

विराटनगर नर्स हत्यामा प्रेम जोडिएको देखिन्छ भने भोजपुरको सामूहिक हत्याकाण्डमा पनि प्रेम कारक बनेको प्रवक्ता पोखेलले मध्यान्हलाई बताए। त्यस्तै, साउन ७ गते देवानगन्जमा भएको हत्या प्रकरणमा धन पैसा मुख्य कारण बनेको उनको भनाइ छ।

लामो समयदेखि अपराध अनुसन्धानमा खटिएका सुनसरी प्रहरी प्रमुख एसपी सुमनकुमार तिम्सिनाका अनुसार पारिवारिक सम्बन्धलाई बलियो बनाउन नसक्नु, एकअर्काप्रति विश्वास गुम्नु र अझ त्यसभन्दा खतरनाक सामाजिक सञ्जालको बढ्दो दुरुपयोगले यस्ता अपराध निम्तिने गरेका छन्।

यस्ता घटना निर्मूल बनाउन प्रहरी एक्लेले नसक्ने हुँदा स्थानीयस्तरबाटै योजना बनाएर कार्यक्रम ल्याउनुपर्ने एसपी तिम्सिना बताउँछन्।

### आधा...

योजना तुहिएपछि उनले केही समयअघि मात्रै एमालेबाट आएका घनश्याम भुसाललाई अध्यक्षको आकांक्षी बनाएका थिए। त्यसयता माधव नेपालसँग झलनाथको सम्बन्धमा थप दरार उत्पन्न भएको विभिन्न गतिविधिबाट देखिएका छन्। गत साउन २ मा एकीकृत समाजवादीमा विलय भएका वामदेव गौतमको भूमिका माओवादीसँग भन्दा पनि एमालेसँग एकता गर्नुपर्नेमा जोड दिएका छन्। तर पार्टी अध्यक्ष नेपाल भने माओवादीसँग एकता गर्न सकिने पक्षमा छन्।

पार्टी उपाध्यक्ष लडेकी नेतृ रामकुमारी झाक्री पार्टीमा सबैभन्दा उग्र कान्तिकारी र एमालेविरोधी बनेकी थिइन्। तत्कालीन सरकारले गरेको संसद् विघटनको विरोधमा खरो उत्रिएकी उनी अहिले उही एमालेप्रति नरम देखिएकी छन्। पार्टी स्थापनाको समयमा अध्यक्ष माधव नेपालको सबैभन्दा नजिकको सहयोगी बनेर काम गरेकी झाक्री एमालेमा जाने तयारीमा रहेकको नेकपा एसकै नेताहरूले बताउँदै आएका छन्। पतञ्जली जग्गा प्रकरणमा मुछिएपछि अध्यक्ष नेपालप्रति लक्षित गर्दै झाँक्रीले भनेकी थिइन्, 'अब पार्टीमा मरेको सिनो बोकेर हिँडिरहन सकिँदैन।' उनको यो अभिव्यक्तिपछि पार्टीले स्पष्टीकरण नै सोधेको थियो।

सो स्पष्टीकरणपछि पार्टीमा झनै ठूलो तनाव आएको छ। पार्टी जिम्मेवारीअनुसार सम्मानीत नेता झलनाथ खनाल र केही दिनअघि नेकपा एसमा प्रवेश गरेर वरिष्ठ नेताको जिम्मोवारी पाएका एमालेका पूर्वउपाध्यक्ष वामदेव गौतम पार्टी अध्यक्ष नेपालप्रति रुष्ट छन्। यसै सन्दर्भमा पछिल्लोपटक शुक्रबार नेकपा एसका अध्यक्ष माधव नेपाल र सम्मानित नेता झलनाथ खनालबीच वाकयुद्ध नै चलेको छ। खनालले एक अन्तर्वार्तामा एमाले फुटाउनु गल्ती थियो भनेका छन्। खनालको उक्त अभिव्यक्तिप्रति अध्यक्ष नेपालले खरो प्रतिवाद गरेका छन्।

उनले खनाललाई नैतिकता आधारमा पार्टीबाट बिदा लिन सुझाव दिए। नेपालले पार्टीका सम्मानित नेता खनालले एमाले टुक्र्याउनु गलत भएको अभिव्यक्ति दिनु पार्टी नीतिविपरीत रहेको बताए। 'उहाँले एमाले टुक्र्याउनु गलत भएको भन्नुभएछ, त्यस्तो बोलेको हो भने उहाँलाई नैतिकता आधारमा पार्टीबाट बिदा लिन सुझाव दिन्छु।' खनालले पटकपटक पार्टीको संस्थागत निर्णय नमान्ने गरेको भन्दै नेपालले उनको भनाइको अर्थ नरहेको टिप्पणी गरेका छन्।

यद्यपि पार्टीको आन्तरिक समस्या र एमालेसँग नेताहरूको निकटताका सन्दर्भमा पार्टी उपाध्यक्ष जगन्नाथ खतिवडाले नेकपा एसभित्र अनेकन खेलहरू भइरहेको भन्दै यसप्रति पार्टी नेता कार्यकर्ताहरू सचेत रहनुपर्ने बताए। 'नेकपा एसलाई कमजोर बनाउन अनेकन खेल भइरहेका छन्,' उनले भने 'पार्टीका जिम्मेवार नेताहरूले पनि बोल्दा अलि विचार पुऱ्याउनुपर्छ। विरोधी शक्तिहरूले पार्टीमा खेलेको विषय आम नेताकार्यकर्ताले बुझेर पार्टी एक ढिक्का बनाएर लानुको विकल्प छैन।'

### माओवादीमा...

सो बैठकमा पार्टी एकताका लागि नेकपा एसका अध्यक्ष नेपाल सकारात्मक देखिए पनि सम्मानित नेता झलनाथ खनाल र पछिल्लो समय पार्टी प्रवेश गरेका वामदेवको भूमिकाका कारण एकताको पहलकदमीमा अवरोध आउन सक्ने बताएको माओवादी केन्द्रका प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिए। 'एकीकृत समाजवादीसँगको एकता सकारात्मक छ। तर झलनाथ र वामदेवको एकता प्रक्रिया रोक्ने खालका गतिविधि र अभिव्यक्ति आइरहेका छन्,' अध्यक्ष प्रचण्डको भनाइ उद्दृत गर्दै सापकोटाले भने।

### घर गए...

जग्गा हडप्न घुस डिल गरेको सुनिन्छ। जहाँ सुजन लामा भन्ने व्यक्ति बिचौलियाका रूपमा रहेका सुनिन्छन्। सुजन लामाकै अगुवाइमा भएको घुस डिल प्रकरणको अडियोमा जग्गा हत्याउनकै निम्ति कास्कीका मालपोत प्रमुख फेर्ने प्रपञ्चसम्मका विषय सुनिन्छ। यस्तो गम्भीर आरोपमा जोडिन पुगेपछि गुप्ता मन्त्रीबाट हटेका हुन्।

सार्वजनिक अडियोमा दाबी गरिएअनुसार लिची बगैंचाबारीको १ सय ३४ रोपनी जग्गा हडप्ने योजनासहितको फाइल मालपोत कार्यालयमा दुई वर्षसम्म अड्किएको थियो। बिचौलियाले आफूअनुकूल मालपोत अधिकृत लगेर जग्गा हडप्न खोजेका थिए। यो योजनामा गुप्ता र अधिकारीसमेत संलग्न रहेको आरोप लागेको छ।

सार्वजनिक अडियोमा दाबी गरिएअनुसार १ सय ३४ रोपनी जग्गा हडप्न बिचौलियाले मालपोत कार्यालय कास्कीमा तीन जना कर्मचारीको सरुवा गराएका थिए। यसक्रममा मालपोत कार्यालयमा कागजातसहित निवेदन दिने काम लामाले गर्दै आएका थिए। यो विषयमा मन्त्रीदेखि विभिन्न राजनीतिक नेतासमेत जोडिएको भनेर प्रश्न उठ्दै आएको छ।

सरोकारवाला विभिन्न व्यक्तिको नाममा रहेको जग्गा हडप्न घुस डिल गरेको आरोप लागेपछि मौन रहनुलाई गम्भीर रूपमा लिनुपर्ने बताउँछन्। विधिको शासन, सुशासन र सभ्य समाजका निम्ति आरोप लाग्ने र प्रस्टीकरणसमेत नदिने अवस्था उचित नरहेको बताउँछन्।

देशमा सुशासन र कानुनी राज्य चाहनेहरूका लागि झस्क्याउने प्रवृति त्याग्न र के भएको हो प्रस्ट जवाफ दिन आग्रह गर्छन् माओवादीका प्रमुख सचेतक पाण्डे। उनी भन्छन्, 'यदि अडियो गलत हो भने सार्वजनिक गर्नेमाथि छानबिन होस्। होइन सही हो भने मौन रहँदैमा उन्मुक्ति पाउने भन्ने हुँदैन।'

### विभिन्न...

चुडामणि पौडेल (सागर), फाल्गुणि प्रसाद भुर्तेल (जयराम) र अजय थापा रहेका छन्।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान महासचिवसमेत रहेका कम्पनीका अध्यक्ष मेघनाथ भुर्तेलले आकर्षक सेवा, सुविधा तथा तलबको रोजगारीमा नेपाली कामदारहरूलाई खाडीका विभिन्न मुलुकमा पठाउन कम्पनी सफल भएको बताए। काठमाडौंमा प्रधान कार्यालय रहेको उक्त कम्पनीका शाखा झापाको बिर्तामोड, महोत्तरीको बर्दिबास, चितवन, कास्कीको पोखरा र बाँकेको नेपालगञ्जमा रहेका छन्। सबै कार्यालयमा गरेर २ सय ७० जनाभन्दा बढीले रोजगारी पाइरहेका छन्। प्रधान कार्यालय र शाखा कार्यालयमा कार्यरत अनुभवी, दक्ष र उत्साहित कर्मचारीमार्फत रोजगारदाताहरूको मागअनुसार कामदार आपूर्ति गरिरहेको कम्पनीले बताएको छ। अध्यक्ष भुर्तेलले यस वर्षदेखि कम्पनीबाट वैदेशिक रोजगारमा गई ज्यान गुमाएका कामदारको सन्तानलाई १२ कक्षासम्म शिक्षाका लागि छात्रवृत्तिको व्यवस्था गरेको भन्दै कम्पनीले सामाजिक सेवाका विभिन्न क्षेत्रमा काम गर्ने नीति लिएको बताए।

वार्षिकोत्सवका क्रममा बागमती प्रदेश सभाका सांसद श्रीराम लामिछानेले नीलकमलले मुलुकको वैदेशिक रोजगार क्षेत्रमा विश्वासिलो र भरपर्दो सेवा प्रदान गरेर अनुकरणीय काम गरेको भन्दै भविष्यमा पनि सरल र सहज रूपमा बेरोजगार युवायुवतीलाई वैदेशिक रोजगार उपलब्ध गराउन आग्रह गरे। वार्षिकोत्सवका अवसरमा अध्यक्ष भुर्तेलले लागत परिभाषित गरेर सेवा शुल्क निर्धारण, नेपाली कूटनैतिक नियोगमा रहेको मागपत्र प्रमाणीकरणको झन्झटिलो अवस्थाको अन्त्य, वैदेशिक रोजगार ऐनमा रहेका विभेदकारी र झन्झटिलो प्रक्रियामा संशोधन तथा प्रतिबन्धित अवस्थामा राखिएको घरेलु कामदारको श्रम स्वीकृति अन्त्य हुनुपर्नेमा जोड दिए। आफू संघको महासचिवको जिम्मेवारीमा रहँदा जोडदार रूपमा उठाएका वैदेशिक रोजगार क्षेत्रका समस्या समाधानका लागि सरकारले सकारात्मक दृष्टिकोण लिनुपर्ने र व्यवसायीहरूको छाता संस्था संघले निरन्तर खबरदारी र पहलकदमी लिनुपर्ने सुझाव दिए।

### साउदीका...

प्रक्रिया झन्झटमुक्त र पहुँचयोग्य बनेको बताए। राहदानी प्राप्त गरेका सेवाग्राही विमल तामाङले गर्मी र भिड कम भएको स्थानमा राहदानी पाउँदा सहज अनुभव भएको बताए। उनले यस्ता कार्यक्रमलाई निरन्तरता दिन दूतावाससँग आग्रह गरे।

कार्यक्रम दूतावासका अधिकारी पासवानको नेतृत्वमा सम्पन्न भएको थियो। उनलाई स्थानीय कर्मचारी अजगर अली, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा सामाजिक व्यक्तित्वहरूको सहयोग रहेको थियो। कार्यक्रममा सहयोग पुऱ्याएकोमा एभरेष्ट नेपाली रेस्टुरेन्ट, स्वयंसेवक, दूतावासका कर्मचारी तथा अन्य सबैलाई धन्यवाद दिँदै पासवानले आगामी दिनमा पनि यस्ता सेवा निरन्तर चलाइने प्रतिबद्धता व्यक्त गरे।

### कतारमा...

सन्तोष पौडेलले टिपोट गरी आवश्यक समन्वय तथा सहयोग बढाइने भएको छ। श्रमिकको सहायताका लागि निःशुल्क फोटोकपी मेसिनसहित छिट्टै श्रमिक सहायता डेस्कको स्थापना गरिने अध्यक्ष पन्थीले प्रतिबद्धता व्यक्त गरेका छन्।

कतारमा समयमै श्रम स्वीकृति नवीकरण नहुने, राहदानीको पनि समस्या, नेपाली दूतावासमा फोन नउठ्ने र उठेपनि ठाडो जवाफ दिने, पासपोर्टको स्लट नखुल्ने, आजाद भिसामा बसेकालाई कम्पनीले समयमा आइडी नदिँदा श्रमिक थप पीडामा पर्ने गुनासो लामो समयदेखि रहेको छ। अन्य समस्याका चाङ भए पनि राहदानीकै समस्याले अन्य मुद्दाहरू ओझेलमा पारेको कतिपयको गुनासो छ। कतारमा कामदारका समस्याका साथै त्यहाँ जन्मिएका बच्चाहरूलाई राहदानीका लागि कानुनी सहजीकरण प्रभावकारी नभएको, कानुनी समस्यामा पर्ने श्रमिकलाई बहस पैरवी गर्न चर्को शुल्क लाग्ने जस्ता समस्या लामो समयदेखि थाती रहेको बताइएको छ।

# सातै प्रदेशमा युवाहरूका लागि सीप मेला सञ्चालन गरिने




**काठमाडौं/मस–**युवा तथा खेलकुद मन्त्रालयले चालु आर्थिक वर्षमा सातै प्रदेशमा युवाहरुका लागि सीप मेला र विकास तालिम सञ्चालन गर्ने भएको छ।

शुक्रबार मन्त्रालयमा आफूले एक वर्षमा गरेका कामहरु र आगामी रणनीतिबारे जानकारी दिन पत्रकार सम्मेलन गर्दै युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले यस्तो बताए।

उनका अनुसार सरकारले भक्तपुर जिल्लामा ५० हजार सिट क्षमता भएको फुटबल रंगशाला निर्माणको कार्य अघि बढाएको छ। अन्तर्राष्ट्रिय भलिबल कवर्डहल निर्माणका लागि काठमाडौं उपत्यकाभित्र जग्गा प्राप्तिको काम भइरहेको बताए।

सरकारले दोलखा, मुस्ताङ, जुम्ला र सोलुखुम्बुमा हाइ अल्टिच्युड ट्रेनिङ सेन्टर निर्माण कार्य अघि बढाएको पनि बताए। मन्त्री चौधरीले नेपाल खेलकुद विज्ञान प्रतिष्ठानको कार्यविधि, २०८२ को मस्यौदा तयारी भएको बताए। युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट सहकारी संस्थामार्फत युवालाई स्वरोजगार बनाउन प्रवाह गरिएको ऋणमध्ये असुल गर्न बाँकी रहेको ऋण गत आर्थिक वर्षमा १ अर्ब ३१ करोड १४ लाख रुपैयाँ असुल गरेको जानकारी दिए। मन्त्री चौधरीकाअनुसार गत आर्थिक वर्षमा मन्त्रालयको पुँजीगततर्फ ५१ करोड ८८ लाख ३५ हजार रुपैयाँ विनियोजित बजेटमध्ये ३८ करोड ६० लाख ९८ हजार रुपैयाँ खर्च भएको छ। मन्त्रालयले गत आर्थिक वर्षमा ७४.४२ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ।

# मधेशमा सुक्खाग्रस्त क्षेत्र घोषणाबाहेक केही नभएको भन्दै ज्ञापनपत्र बुझाइयो



**जनकपुर/मस–** मधेश प्रदेश सरकारले सुक्खाग्रस्त क्षेत्र घोषणा बाहेक कुनै ठोस कदम नचालेको भन्दै विपक्षी दलहरूले संयुक्त रूपमा प्रदेश सरकारलाई ध्यानाकर्षण पत्र बुझाएका छन्। जनता समाजवादी पार्टी, नेपाल (जसपा) मधेसका संसदीय दलका नेता तथा प्रदेशका पूर्वमुख्यमन्त्री सरोज यादवको अध्यक्षतामा बसेको विपक्षी दलहरूको बैठकले सरकारलाई दबाब दिन संयुक्त ध्यानाकर्षण पत्र बुझाउने निर्णय गरेको थियो। सोहीअनुसार जसपा, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल संघीय समाजवादी पार्टीका नेताहरूले शुक्रबार मुख्यमन्त्री सतिशकुमार सिंहलाई ज्ञापनपत्र बुझाएका हुन्।

ध्यानाकर्षण पत्रमा प्रदेश सरकारले साउन ६ गते मधेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेपनि त्यसपछि किसानका पक्षमा ठोस कार्ययोजना ल्याउन नसकेको आरोप लगाइएको छ। पत्रमा किसानका लागि राहत प्याकेजको माग, कृषि ऋणमा सहुलियतका लागि संघ सरकारसँग पहल गर्नुपर्ने, सतही तथा भूमिगत जलश्रोत व्यवस्थापन, नदीनाला तथा पोखरीको मर्मत-सम्भार, नयाँ जलाशय निर्माण, चुरे क्षेत्रको वन संरक्षण र खानेपानी समस्या समाधानको माग गरिएको छ।

ज्ञापनपत्र बुझाउन जसपाका तर्फबाट सरोज यादव, माओवादी केन्द्रका युवराज भट्टराई, एकीकृत समाजवादीका कनिष पटेल, राप्रपाका कञ्चन विच्छा र संघीय समाजवादी पार्टीकी विमला अन्सारी तरन्नुम उपस्थित थिए।

मुख्यमन्त्री सतिशकुमार सिंहले विपक्षी दलको ज्ञापनपत्रलाई सकारात्मक रूपमा लिएको प्रतिक्रिया दिए। उनले सरकार सिंचाइ र खानेपानी समस्या समाधानमा गम्भीर रहेको उल्लेख गर्दै भने, 'धान उत्पादन घटिरहेको अवस्थामा किसानलाई फाइदा पुग्ने वैकल्पिक बालीबारे पनि सरकार गम्भीरतापूर्वक छलफल गरिरहेको छ।' सिंहले विपद्को समयमा विपक्षी दलहरूले उठाएका मुद्दा समाधानका लागि सरकार प्रतिबद्ध रहेको बताए।

# बर्दघाटमा बस दुर्घटना हुँदा एक जनाको मृत्यु, १२ जना घाइते

**बिनोद निगम/ मध्यान्ह**
पश्चिम नवलपरासी, १६ साउन

पश्चिम नवलपरासीको बर्दघाटमा शुक्रबार दिउँसो भएको बस दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने १२ जना घाइते भएका छन्।



बुटवलबाट नारायणघाटतर्फ जाँदै गरेको लु २ ख ६५७ नम्बरको बस बर्दघाट बजार क्षेत्रमा अनियन्त्रित भइ दुर्घटनामा परेको हो। दुर्घटनामा गम्भीर घाइते भएका एक पुरुषलाई चिसापानी अस्पताल लगिए पनि चिकित्सकहरूले मृत घोषणा गरेका छन्। मृतकको पहिचान खुल्न बाँकी रहेको जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीले जनाएको छ।

प्रहरीका अनुसार दुर्घटनामा घाइते भएका १२ मध्ये ३ जनाको अवस्था गम्भीर छ। गम्भीर घाइतेलाई थप उपचारका लागि बुटवल पठाइएको छ भने अन्यको स्थानीय अस्पतालमा उपचार भइरहेको छ। प्रारम्भिक अनुसन्धान अनुसार अगाडि रहेको अटो रिक्शा जोगाउने क्रममा बस अनियन्त्रित भई विपरीत लेनमा पल्टिएको हो। बस चालकलाई नियन्त्रणमा लिइ थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

# काठमाडौंका ५ एजुकेसन कन्सल्टेन्सीलाई कारबाही

**काठमाडौं/मस–**वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले काठमाडौंका पाँच एजुकेसन कन्सल्टेन्सीलाई साढे ३ लाखबराबरको जरिवाना तिराएको छ।




विभागले गरेको अनुगमनमा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३८ (ट) बमोजिम जरिवाना तिराएको हो। विभागले शुक्रबार १३ वटा व्यावसायिक संस्थाहरुमा अनुगमन गरेको थियो। जसमा काठमाडौंको ग्लोबल एज कन्सल्टेन्सीलाई एक लाख रुपैयाँ, रिलिजेन्ट इन्टरनेशनललाई १ लाख, फास्टलेन टेक्निकल इन्स्टिच्युट कन्सल्टेन्सी, ए वान ग्लोबल कन्सल्टेन्सी र मिरेकल एजुकेसन सर्भिस प्रत्येकलाई ५१ हजारका दरले जरिवाना तिराएको हो। योबाहेक कृष्ण फाउन्डेसन, सा.सा. फेन्सी कलेक्सन र रुकमणी मार्बल एन्ड ग्रेनाइट हाउसबाट कागजात मगाएको छ।

योबाहेकका संस्थाहरुमा भने विभागले सामान्य निर्देशन दिएको हो।

### नापतौल ठगीको कसुरमा दुई हजारभन्दा बढी कारबाहीमा

गुणस्तर तथा नापतौल कार्यालयले धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र रामेछापका दुई हजारभन्दा बढी उद्योगी तथा व्यावसायिक फर्मलाई जरिवानासहित कारबाही गरको छ। सो कार्यालयले नापतौलमा ठगी गर्ने तथा लामो समयदेखि नापतौल यन्त्रको नवीकरण नगर्ने दुई हजार ४३ उद्योगी तथा व्यावसायिक फर्मलाई कारबाही गरेको हो। उल्लिखित पाँच जिल्ला कार्यक्षेत्र रहेको जनकपुरधामस्थित नापतौल कार्यालयले गत आर्थिक वर्ष २०८१/८२ मा व्यावसायिक कारोबारमा अनियमित काम गर्नेलाई कारबाही गर्नुका साथ अनुगमन तथा निरीक्षणका क्रममा नापतौल यन्त्रको इजाजतसमेत दिएको जनाएको छ।

कार्यालय प्रमुख सुनील यादवले अनुगमनका क्रममा उद्योगी व्यवसायीले आफूखुसी अनियमित रूपमा ढक तथा तराजु र 'डिजिटल' प्रविधिमा आधारित नापतौलयन्त्रको प्रयोग गरेको भेटिएपछि जरिवानासहित कानुनी दायरामा ल्याएको बताए।

# नेपाल–चीन सम्बन्ध समृद्ध : प्रधानमन्त्री ओली

**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले सभ्यतागत ऐतिहासिक जग र सांस्कृतिक सामिप्यमा आधारित नेपाल र चीनबीचको सम्बन्ध पारस्परिक सम्मान र जनस्तरको आत्मीयताले अझ समृद्ध बनेको बताएका छन् ।

नेपाल र जनवादी गणतन्त्र चीनबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७० औँ वार्षिकोत्सवको विशेष अवसरमा आज आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले बितेका दशकमा, नेपाल-चीन सम्बन्ध आपसी विश्वासमा आधारित हुँदै अझ सुदृढ र गहिरो बनेको उल्लेख गर्दै शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तहरू आपसी सम्बन्धको आधार रहेको स्पष्ट गरे ।



'नेपालले एक चीन नीतिलाई दृढ समर्थन गर्दछ। चीनले पनि सधैँ नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र राजनीतिक स्वतन्त्रताको सम्मान गर्दै आएको छ । चीन हाम्रो नजिकको छिमेकी मात्र होइन, विश्वासनीय विकास साझेदार पनि हो', प्रधानमन्त्री ओलीले भने,'हामी यस दीर्घकालीन, समयले परीक्षित मित्रतालाई अत्यन्तै महत्व दिन्छौँ । यस यात्रामा थुप्रै ऐतिहासिक मोडहरू आएका छन् । सन् २०१९ मा चीनका राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमण ऐतिहासिक रह्यो । यसले हाम्रो सम्बन्धलाई विकास र समृद्धिका लागि साझा लक्ष्यसहितको दीर्घकालीन मित्रता र आपसी विश्वासमा आधारित रणनीतिक सहकार्यको साझेदारीको तहमा उकासेको छ ।' चीनले पूर्वाधार र कनेक्टिभिटीमा गरेको सहयोगले नेपाललाई भौगोलिक सीमाहरू पार गर्न मद्दत पुयाएको तथा कृषि, व्यापार, पारवहन, ऊर्जा, स्वास्थ्य, डिजिटल प्रविधि र जलवायु प्रवलीकरण जस्ता क्षेत्रमा हाम्रो सहकार्य निरन्तर फैलिँदो रहेको प्रधानमन्त्री ओलीले बताए ।

कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुस्पकमल दाहाल 'प्रचण्ड'ले नेपाल र चीनबीच सदियौँदेखि गाँसेको हाम्रो सम्बन्ध पारस्परिक सम्मान, आपसी सहयोग र साझा समृद्धिको लक्ष्यबाट निर्देशित रहेको बताए । दुवै देशका जनतालाई शुभकामना व्यक्त गर्दै उनले भने, 'यस अवसरमा म दुई देशका जनता र सरकारहरूलाई मानव जातिको साझा भविष्य र विश्व शान्तिका क्षेत्रमा थप गहिरो सम्बन्ध र सहयोगको अपेक्षा गर्दछौँ ।'

# मुलुकलाई लागूऔषधमुक्त बनाऔं : गृहमन्त्री

**काठमाडौं/मस–** गृहमन्त्री रमेश लेखकले मुलुकलाई लागूऔषधमुक्त बनाउने गरी प्रभावकारी ढंगले काम गर्न आवश्यक रहेको बताएका छन् ।

काठमाडौंको कोटेश्वरस्थित लागूऔषध नियन्त्रण ब्युरो कार्यालय निरीक्षणका क्रममा गृहमन्त्री लेखकले लागूऔषधको उत्पादन, भण्डार र प्रयोग ठूलो चुनौतीका रूपमा देखिएको बताए ।

'लागूऔषध प्रयोगले सडक दुर्घटना, आत्महत्या र साइबर अपराध बढाउँछ । हामीले एक वर्षमा लागूऔषधविरुद्धको महाअभियान लागू गरेका थियौँ । त्यो अभियान सार्थक भएको छ', उनले भने, 'यो अभियानमा आमनागरिकसहित सबैको सहकार्य आवश्यक छ ।'

विगत वर्षमा भन्दा पछिल्लो एक वर्षमा लागूऔषध नियन्त्रणमा प्रगति भएको उल्लेख गर्दै गृहमन्त्री लेखकले भने,'आगामी दिनमा थप प्रभावकारी ढङ्गले यो चुनौतीको सामना गर्ने गरी अगाडि बढ्नुपर्छ । स्रोतसाधनको कमी भएपनि धेरै काम गर्न सक्यौं । त्यो यो एक वर्षमा देखिएको छ', उनले भने ।



लागूऔषधको बिगबिगी देखिएको भन्दै यसविरुद्धको अभियानमा सरकार सशक्त भएर लाग्ने बताए ।

'युवामा यसको लत देखिएको छ । देशको भविष्य जोडिएको युवाशक्ति लागूऔषधमा फसेको छ', गृहमन्त्री लेखकले भने, 'लागूऔषधविरुद्धको महाअभियानले परिणाम ल्याएको छ । लागूऔषध अपराधमा संलग्नलाई कारबाही गरेर मात्र पुग्दैन । लागूऔषधविरुद्ध अभियान चलाउन आवश्यक छ । यो प्रहरीको मात्र होइन । सबै नागरिकको जिम्मेवारी हो ।'

गृहमन्त्री लेखकले लागूऔषध ब्युरोलाई विभागकै रूपमा विकास गरिने बताए । 'ब्युरोलाई विभागका रूपमा विकास गर्ने प्रतिबद्धता जनाएको छु । मन्त्रालयबाट हुने सहयोग हुन्छ', उनले भने । लागूऔषध ब्युरोलाई विभागका रूपमा विकास गर्न तयारी अगाडि बढाउन प्रहरी महानिरीक्षक दिपक थापासहित प्रहरी प्रधान कार्यालयलाई उनले निर्देशन दिए ।

प्रहरी महानिरीक्षक थापाले लागूऔषध ब्युरोलाई विभागका रूपमा विकास गर्ने गृहमन्त्री लेखकको प्रस्ताव सराहनीय रहेको बताए ।

उनले लामो समयदेखि नेपाल प्रहरी लागूऔषध नियन्त्रणमा मुलुकभर सक्रिय रहेको जानकारी दिए । केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) का प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक चन्द्रकुवेर खापुङ, लागूऔषध नियन्त्रण ब्युरोका प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालालगायतको समेत सो अवसरमा उपस्थिति रहेको थियो ।

# बागमती पूर्ण खोप सुनिश्चित प्रदेश घोषणा

**भक्तपुर/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा वाग्मती प्रदेशलाई पूर्ण खोप दिइएको प्रदेशका रूपमा घोषणा गरिएको छ ।

भक्तपुरमा वाग्मती प्रदेशको स्वास्थ्य मन्त्रालयद्वारा आयोजित विशेष कार्यक्रममा प्रधानमन्त्री ओलीले १३ जिल्ला र ११९ पालिकाका बालबालिकालाई १५ महिनाको उमेरभित्र पूर्ण खोप दिएको सुनिश्चित भएसँगै उक्त घोषणा गरेका हुन् ।

संघीय सरकारअन्तर्गत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको राष्ट्रिय पूर्ण खोप समन्वय समितिबाट प्राप्त प्रमाणपत्रका आधारमा वाग्मती प्रदेशलाई यस किसिमको सफलता प्राप्त भएको हो । कार्यक्रममा प्रधानमन्त्री ओलीले खोप समितिको प्रमाणपत्र प्रदेशका स्वास्थ्यमन्त्री किरण थापालाई हस्तान्तरण गरे ।

सोही अवसरमा प्रधानमन्त्री ओलीले स्वास्थ्य क्षेत्रको 'डिजिटल हेल्थ' कार्यक्रमको पनि उद्घाटन गरे ।



प्रधानमन्त्री ओलीले पूर्ण खोप घोषणा भएकामा प्रदेशलाई बधाई दिँदै 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय गन्तव्य प्राप्तिका लागि 'निरोगी नेपाल' अभियान सञ्चालन गरिएको बताए ।

उनले नेपालमा मानिसका साथै पशुपक्षी र वनस्पति पनि निरोगी हुन् तथा सहर र गाउँ सफा रहून् भन्ने सोचका साथ काम गर्नुपर्नेमा जोड दिए ।

'रोग लाग्न सक्छ तर हामीले रोगका कारण र बाटाहरूलाई बन्द गर्ने प्रयास गर्नुपर्छ । त्यसको एउटा उपाय खोप हो । यो अभियान सफल हुँदै गएकामा म खुसी व्यक्त गर्दछु', प्रधानमन्त्री ओलीले भने,'हाम्रो संविधानले स्वास्थ्य सेवालाई मौलिक हकमा समावेश गरेको छ । उक्त हक प्राप्तिको दिशामा खोप अभियान सार्थक भएको छ । २०८३ सालमा हामी विकासशील मुलुकमा स्तरोन्नति हुँदैछौँ । त्यसका लागि पनि यो अभियान महत्वपूर्ण साबित भएको छ । यस्ता अभियान सञ्चालनमा हामीले अब अरू प्रदेशलाई पनि प्रेरित गर्नुपर्दछ ।'

प्रधानमन्त्री ओलीले खोप अभियानका क्रममा उत्कृष्ट कर्मचारी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई सम्मान गरे ।

प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले स्वास्थ्य क्षेत्रको निरन्तर खटाइबाट पूर्ण खोप अभियान सफल भएको बताए ।

# यस वर्षभित्र हुलाक टिकट सुरक्षण मुद्रण केन्द्रले छाप्छ : सञ्चारमन्त्री

**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले यस वर्षदेखि हुलाक टिकट सञ्चार मन्त्रालयअन्तर्गत प्रकाशन गरिने बताएका छन् ।

हुलाक सेवा विभागले बिहीबार प्रकाशन गरेको नयाँ १४ टिकटका आवरणमा टाँचा प्रदान गरेपछि सञ्चारमन्त्री गुरुङले यस्तो जानकारी दिएका हुन् ।

हुलाक सेवा विभागले अहिलेसम्म जनकशिक्षा सामग्रीद्वारा टिकट प्रकाशन गर्दै आएको भए पनि अब मन्त्रालयले नै छाप्ने तयारी भएको उनले बताए ।

बैंकको नोटबाहेक अरु आवश्यक राष्ट्रिय कागजात मन्त्रालयअन्तर्गतको सुरक्षण मुद्रण केन्द्रले प्रकाशन गर्ने सञ्चारमन्त्री गुरुङले बताए ।

कार्यक्रममा हुलाक टिकटमार्फत मुलुकको कला, संस्कृति, इतिहास र रैथाने परम्परा तथा बालीनाली संरक्षण जरुरी रहेको उनले बताए ।



विभागले ल्याएको नयाँ टिकटमा नेपालका जात्राअन्तर्गत विस्केट, हाँडीगाउँ, गाईजात्रा, मन्दिरमा बालकुमारी मन्दिर(ठेचो ललितपुर), सप्त देवल (दैलेख), कोटदेवि मन्दिर(चाँगुनारायण, भक्तपुर), भीमसेन मन्दिर( गोरखा), बैतेश्वर महादेव मन्दिर( दोलखा), नेपालका प्राचीन प्रस्तर मूर्तिअन्तर्गत भगवान् विष्णु कौडेना सर्लाही, बाह्रौं/तेह्रौं शताब्दी र श्रीस्वस्थानीको प्रस्तर मूर्ति काठमाडौं, त्यसैगरी, नेपालका शिक्षाविद्अन्तर्गत ई कुलरत्न तुलाधर, शंकरदेव पन्त र पं ऋषिराम पन्थी गरी १४ टिकट रहेका छन् ।

कार्यक्रममा विभागले प्रकाशनमा ल्याएको पुस्तक नेपाल हुलाक टिकट (विसं १९३५-२०८२) पनि लोकार्पण गरिएको थियो ।

उक्त पुस्तकमा हुलाक घर नाम भएदेखि सुरु गरिएको १९३५ सालदेखि २०८२ सालसम्म प्रकाशन भएका हुलाकका टिकटको विवरण उल्लेख छ । विभागका महानिर्देशक मनमाया भट्टराई पंगेनीले हुलाक मुलुकको इतिहास स्मरण गराउने एउटा सुन्दर दस्तावेज बन्दै आएको बताए । उनले देशविदेशमा प्रचार गर्ने र पर्यटन प्रवर्द्धनमा हुलाकको भूमिका प्रभावकारी बनाउन आफू प्रयत्नशील रहेको जानकारी दिए ।

# चक्रे मिलनसहित १९ जनाविरुद्ध मुद्दा दायर





**काठमाडौं/मस–** नेपाल प्रहरीले काठमाडौंभित्र विभिन्न ठाउँमा बसेर आपराधिक कार्यमा संलग्न रहेका ४७ जनालाई पक्राउ गरेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय र जिल्ला प्रहरी परिसर काठमाडौंले संयुक्त रूपमा चलाएको 'अप्रेसन'मा गुण्डा नाइके चक्रे मिलनसहित उनीहरूलाई बिहीबार राति पक्राउ गरेको हो । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) रमेश बस्नेतले ठमेल र महाराजगन्ज क्षेत्रबाट गुण्डागर्दी तथा आपराधिक कार्यमा संलग्न व्यक्तिलाई पक्राउ गरिएको जानकारी दिए ।

रेष्टुरेन्ट, क्लबमा बसेर झैझगडा गर्ने तथा हप्ता असुल्ने कार्यमा संलग्न भएकाले पक्राउ गरिएको उनले बताए ।

प्रहरीले बिहीबार बिहान ३ बजेतिर ठमेलको दोहोरी साँझबाट गुण्डागर्दीमा संलग्न युवराज गुरुङ उर्फ सानुभाइलाई पक्राउ गरेको थियो। नर्सिङ चोकस्थित नगरकोट दोहोरीमा अर्को समूहसँग झगडा गरेपछि उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका चक्रे मिलनसहित १९ जनालाई सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न जिल्ला प्रशासन कार्यालय काठमाडौंले अनुमति दिएको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंका वरिष्ठ प्रहरी उपरीक्षक विश्वराज अधिकारीले भने, 'घरेलु हातहतियार बोकी सार्वजनिक स्थलहरूमा समूह बनाएर हो-हल्ला गर्दै समाजमा शान्ति सुरक्षा बिथोल्ने तथा सार्वजनिक आवागमन अवरोध हुने गरी आम नागरिकमा त्रास उत्पन्न गराउने खालका अवाञ्छित क्रियाकलापमा संलग्न हुने निज १९ जनालाई अभद्र व्यवहार गर्न नहुने कसुरमा सात दिनको म्याद थप भइ अनुसन्धान भइरहेको छ ।'

ठमेल र महाराजगन्ज क्षेत्रबाट ४७ जना पक्राउ गरेको भएपनि कतिपय असंलग्न व्यक्ति भएको पाइएकाले छाडिएको र बाँकी १९ जनालाई अभद्र व्यवहारको कसुर गरेको आरोपमा अनुसन्धान गर्न हिरासतमा राख्न अनुमति मागेको थियो ।

# बिर्तामोडमा यौन रोग र मानव बेचबिखनसम्बन्धी सचेतना

**बिर्तामोड/मस–** निमार्णाधीन अवस्थामा रहेको पूर्वपश्चिम लोकमार्गको काँकरभिट्टा-लौकही सडक आयोजना अन्तर्गत बिर्तामोड नगरपालिका क्षेत्रको सडकमा पर्ने नागरिकहरुलाई एचआईभी/एड्स, यौन रोग र मानव बेचविखन सम्बन्धी सचेतना कार्यक्रम गरी सचेत गराइएको छ । बिहीबार नगरपालिकाको सभाहलमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र एशियाली विकास बैंक (एडीबी) को आर्थिक सहयोगमा राजमार्ग अभिवृद्धि आयोजना अन्तरगत काँकरभिट्टा-लौकही सडकको बिर्तामोडमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण (एचआईभी/एड्स, यौन रोग र मानव वेचविखन) सम्बन्धी सचेतना गराइएको हो ।

बिर्तामोड नगरपालिका १, २, ३, ४, ५ र ६ नम्बर वडाको सडकमा जोडिएर बसोबास गर्ने महिला तथा पुरुषहरुलाई एचआईभी/एड्स, यौन रोग र मानव वेचविखनको जोखिम हुन सक्ने भएकाले सचेतना कार्यक्रम आयोजना गरिएको काँकरभिट्टा-लौकही सडक योजना अन्तरगत लैंगिक समानता तथा सामाजिक समावेशीकरण विज्ञ जीवन सिंहले जानकारी दिए ।



कार्यक्रममा एचआईभी/एड्स र यौनजन्य सङ्क्रमण सम्बन्धी सामाजिक अभियन्ताहरु दीपा चौधरीले, यौन हिंसा सम्बन्धी सीता राना र मानव वेचविखन सम्बन्धी इलाका प्रहरी कार्यालय अनारमनी सई प्रदिप आले मगरले प्रोजेक्टर मार्फत जानकारी गराएका थिए ।

निमार्णाधीन अवस्थामा रहेको सडकमा बाहिरबाट काम गर्न आएका व्यक्तिहरुबाट बालबालिका तथा महिलामाथि हुने यौनजन्य हिंसाका क्रियाकलाप, दुर्व्यवहार लगायतका गतिविधिलाई रोक्न समुदायलाई सचेत गराइएको विज्ञ सिंहको भनाइ छ ।

कार्यक्रमका प्रमुख अतिथि बिर्तामोड नगरपालिकाकी प्रमुख पवित्रा महतरा प्रसाईं सडक बनाउन विभिन्न देशबाट कामदारहरु यहाँ आएको बताए ।

उनीहरुबाट हुनसक्ने जोखिमबाट बच्न नगरबासीहरु सचेत हुनु पर्ने र आयोजना हेर्नेले पनि गम्भिर भएर ध्यान दिनु पर्नेमा जोड दिए साथै कार्यक्रमका सहभागीलाइ यस कार्यक्रम बाट आफुले सिक्केको कुरा समुदायमा अरु मानिसहरुलाई पनि सिकाउन अनुरोध गरे ।

कार्यक्रममा काँकडभिट्टा-लौकही योजना कार्यालयका इन्जिनियर आश्रय महत, बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्र संग्रौला , विभिन्न सामाजिक संघ-संस्थाका प्रतिनिधि, सडकसँग वडा जोडिएका नागरिकहरु गरी १५० भन्दा माथिको सहभागिता रहेको थियो ।

काँकरभिट्टा-लौकही सडक आयोजना अन्तर्गत झापा, मोरंग र सुनसरी जिल्लाका सडक क्षेत्रमा पर्ने विभिन्न पालिकामा एचआईभी/एड्स, यौन रोग र मानव वेचविखन) सम्बन्धी सचेतना कार्यक्रम भइरहेको छ । सचेतना कार्यक्रमको औचित्यमाथि प्रकाशसहित सहजीकरण विज्ञ सिंहले गरेकी थिइन् ।

# लागूऔषध नियन्त्रण ब्युरोबाट २३ प्रहरी फिर्ता

**काठमाडौं/मस–** लागूऔषध नियन्त्रण ब्युरोले परिणाम दिन नसकेका २३ जना प्रहरी कर्मचारीलाई ब्युरोबाट फिर्ता पठाएको छ । शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रममा ब्युरो प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) कृष्णप्रसाद कोईरालाले उक्त जानकारी दिएका हुन् ।

उनका अनुसार ब्युरोमा दरबन्दी ७८ जना मात्रै भए पनि हाल विभिन्न युनिटबाट काजमा आएका गरी २०१ जना प्रहरी कार्यरत छन् । 'ब्युरोको कार्यप्रकृति अनुसार काम गर्न नसक्ने, नतिजा नदिने र सजिलो ड्युटी खोज्ने प्रवृत्तिका कर्मचारीहरूलाई क्रमिक रूपमा छाँट्ने काम भइरहेको छ,' एसएसपी कोईरालाले बताए ।

उनका अनुसार आफूले ब्युरोको नेतृत्व सम्हाल्दा २ सय २४ जना प्रहरी कार्यरत थिए, जसमा केही युनिफर्म लगाउन नपर्ने र ड्युटी सजिलो हुने भन्दै



ब्युरोमा बस्ने प्रवृत्ति देखिएकोले २४-२५ जनालाई फिर्ता पठाइसकिएको छ । हालसम्म २३ जनालाई प्रत्यक्ष रूपमा नतिजा नदिएको कारणले फिर्ता गरिएको हो । 'ड्युटी सजिलो हुन्छ, युनिफर्म लगाउनु पर्दैन भनेर बस्ने प्रवृत्तिका प्रहरीहरूलाई हटाएर जिम्मेवारी बुझ्न सक्ने, नतिजा दिन सक्ने जनशक्ति परिचालन गर्ने कार्य भइरहेका छ,' उनले भने ।

**Khairahani Municipality**

## Khairahani Nagar Hospital

**Khairahani, Chitwan**
**Bagmati Province, Nepal**

**Invitation for Bids**

**Date of Publication: 2082/04/16 (1st August 2025)**

1. The Khairahani Nagar Hospital invites only electronic bids from Nepalese eligible bidders for the Supply and Delivery of Medicine under National Competitive Bidding procedures. The estimated amount for the Supply and Delivery of Medicine is given in the table below.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Khairahani Municipality, Khairahani Nagar Hospital, Chitwan, Ph No: 056-582004, website: -khairahanimun.gov.np or may visit PPMO website www.bolpatra.gov.np.


| S. N. | Contract ID | Name of Project | Address | Cost Of Bidding Document NRS | Bid Security amount (Nrs) |
|---|---|---|---|---|---|
| 1. | 01/Goods/khairahaniMun/2082/083 | Supply and Delivery of Medicine at Khairahani Nagar Hospital | khairahani 06, chitwan | 5,000.00 | 10,26,000.00 |

# डिजिटलले फेरिएको साहित्य

*हामी यस यथार्थबाट भाग्न सक्दैनौं कि डिजिटल युग साहित्यको अब अर्को आधार हो । पुस्तकप्रेमीहरू अझै पनि छापिएको पुस्तकको गन्ध र अनुभूतिमा रमाउँछन् तर मोबाइल पुस्ताले त्यही अनुभव अब स्क्रिनमा खोजिरहेको छ । इलेक्ट्रोनिक पुस्तक (ई-बुक), अडियो पुस्तक, साहित्यिक एपहरू र सोसल मिडिया प्लाटफर्महरू सबैले साहित्यलाई पुनःपरिभाषित गरिरहेका छन्...*



■ जनक बराल



साहित्य मानव सभ्यताको आत्मा हो भने डिजिटल प्रविधि वर्तमान युगको गति र स्वरूप हो । दुवैको संगम आजको यथार्थ हो, जसले न त साहित्यलाई विस्थापित गरेको छ, न त केवल परम्परागत सीमाभित्र बाँधेको छ । आज साहित्य डिजिटल माध्यमको साथसाथै अघि बढिरहेको छ, नयाँ स्वरूप, नयाँ विधा, नयाँ पाठक र नयाँ लेखकीय सम्भावनासहित । यस लेखमा हामी साहित्य र डिजिटल प्रविधिबीचको सम्बन्ध, यसले ल्याएका अवसर, चुनौतीहरू र भविष्यका सम्भावनालाई समेट्ने प्रयास गर्नेछौं ।

साहित्य परम्परागत रूपमा पुस्तक, हस्तलिखित पाण्डुलिपि वा छापिएको पत्रपत्रिकामा सीमित थियो । यस्तो, साहित्यले पाठकसँग प्रत्यक्ष अन्तर्क्रिया गर्न सक्दैनथ्यो, समय र स्थानको बन्दी थियो । एक लेखकले लेखेको र छापिएको सामग्री पाठकको हातमा पुग्न महिनौं लाग्थ्यो, पाठकहरूले लेखकसम्म प्रतिक्रिया पुऱ्याउन अझ लामो समय । तर, डिजिटल युगले यो दूरीलाई एकाएक घटाइदिएको छ । आज लेखकले लेखेको सामग्री केही मिनेटभित्र हजारौं पाठकको मोबाइल, कम्प्युटर वा ट्याब्लेटमा सजिलै पुग्न सक्छ । यति मात्र होइन, तिनै पाठकहरूका विचार, सुझाव वा प्रतिक्रिया तुरुन्तै लेखकसँग साझा हुन सक्छन् । यसले लेखक र पाठकबीचको सम्बन्धलाई केवल औपचारिक पाठकत्वमा सीमित नराखी सहयात्रा, सहलेखन र सामूहिक सिर्जनामा परिणत गरिदिएको छ ।

डिजिटल प्रविधिले साहित्यिक लेखनको स्वरूप पनि परिवर्तन गरिरहेको छ । उदाहरणका लागि, परम्परागत उपन्यासभन्दा छोटा तर सामाजिक सञ्जालमा उपयुक्त हुने शैलीका 'फ्ल्यास फिक्सन' र 'माइक्रो कथा'हरूको बाढी देखिन्छ । ट्विटर वा फेसबुकमा देखिने छोटा कविता, भावनात्मक एक/दुई अनुच्छेदका कथा वा लघुकथाले साहित्यमा नयाँ स्वाद भित्र्याएका छन् । यस्ता सामग्री न त साहित्यिक जर्नलहरूमा प्रकाशित हुन्छन्, न त पुरस्कार जित्ने उद्देश्य राख्छन् तर पाठकको मन छोएर भावनात्मक संवाद सिर्जना गर्छन् । यसरी डिजिटल युगले साहित्यलाई 'बौद्धिक जमात'को गोष्ठीबाट निकालेर सर्वसाधारणको पहुँच र भागीदारीमा पुऱ्याएको छ ।

ब्लग, पोडकास्ट, युट्युब र टिकटकजस्ता माध्यमले पनि साहित्यिक अभिव्यक्तिलाई नयाँ रूप दिन थालेका छन् । एक कविले अब केवल कविता लेखेर मात्र होइन, कविता पढेर, त्यसलाई संगीतमा ढालेर वा भिडियो माध्यमबाट प्रस्तुत गरेर पनि आमपाठक बिचमा प्रस्तुत गर्न सक्छ । यस्ता बहुआयामिक प्रस्तुतिले साहित्यलाई दृश्य, श्रव्य र भावनात्मक रूपमा गहिरो बनाउँछ । डिजिटल प्लेटफर्महरू जस्तै वाडप्याड, मिडियम अथवा नेपाली भाषामा सञ्चालन भइरहेका वेब पत्रिका र मोबाइल एपहरूले युवा पुस्तालाई लेखनमा आकर्षित गरिरहेका छन् । जहाँ कुनै सम्पादकको अनुमतिबिना नै लेख्न सकिन्छ, आफ्नै पाठक बटुल्न सकिन्छ र आफ्नै गतिको लेखकीय यात्रालाई अघि बढाउन सकिन्छ ।

यद्यपि, यो परिदृश्य सकारात्मक मात्र छैन डिजिटल साहित्यिक सिर्जनाको सन्दर्भमा चुनौती पनि उत्तिकै छन् । सबैभन्दा पहिला त गुणस्तरीयतासम्बन्धी चिन्ता उठ्छ । जुनसुकै व्यक्ति, जुनसुकै किसिमको लेख वा कविता सार्वजनिक गर्न सक्छ । यसले एकातर्फ अभिव्यक्तिको स्वतन्त्रता बढाएको छ भने अर्कातर्फ साहित्यको स्तरमा खलल पनि ल्याएको देखिन्छ । पाठकलाई के पढ्ने, के नपढ्ने भन्ने निर्णय गर्न गाह्रो हुँदै गएको छ । साहित्यिक विधा र गहिराइको मूल्यांकन गर्ने आधार कमजोर बन्दै गएको छ । साथै, डिजिटल माध्यमले गर्दा चोरी, अनधिकृत प्रयोग र लेखकको श्रमको अपमानजस्ता समस्या पनि देखापरेका छन् । अरूको सामग्री नक्कल गरी आफ्नै नाममा पोस्ट गर्ने, बिनाअनुमति सञ्जालमा पुनःप्रकाशन गर्ने प्रवृत्तिले लेखकहरूको अधिकारमा प्रहार गरिरहेको छ ।

डिजिटल माध्यममा पाठकको ध्यान निकै छोटो समयका लागि केन्द्रित हुन्छ । छोटो, चटपटे र सनसनीपूर्ण सामग्रीले पाठकको चासो त बटुल्छ तर गहिरो, बौद्धिक र विचारशील साहित्यिक सिर्जनाले त्यो तहमा पुग्न कठिनाइ बेहोर्नुपर्छ । यसले साहित्यिक मूल्यमान्यतालाई सतही बनाउन सक्ने खतरा देखिन्छ । फेसबुकमा लेखिएको दुःखद स्टाटस हजारौंले सेयर गरे पनि एउटा विचारपूर्ण निबन्ध अथवा कथा ध्यान दिएर पढ्ने पाठकको संख्या कम हुनु यसको ज्वलन्त उदाहरण हो ।

तर पनि हामी यस यथार्थबाट भाग्न सक्दैनौं कि डिजिटल युग साहित्यको अब अर्को आधार हो । पुस्तकप्रेमीहरू अझै पनि छापिएको पुस्तकको गन्ध र अनुभूतिमा रमाउँछन्, तर मोबाइल पुस्ताले त्यही अनुभव अब स्क्रिनमा खोजिरहेको छ । इलेक्ट्रोनिक पुस्तक (ई-बुक), अडियो पुस्तक, साहित्यिक एपहरू र सोसल मिडिया प्लाटफर्महरू सबैले साहित्यलाई पुनःपरिभाषित गरिरहेका छन् । विशेषतः नेपालजस्ता देशमा, जहाँ भौगोलिक दूरी, शिक्षा पहुँच वा आर्थिक कारणले गर्दा पुस्तक खरिद गर्न गाह्रो पर्थ्यो, डिजिटल सामग्रीले साहित्यलाई व्यापक बनाएको छ । अब पहाडी गाउँका युवाले पनि काठमाडौंको लेख पढ्न सक्छन् र आफ्ना विचार साझा गर्न सक्छन् ।

डिजिटल युगमा साहित्यिक समालोचना र बहसको अभ्यास पनि परिवर्तन हुँदै गएको छ । परम्परागत पत्रिका वा सेमिनारमा सीमित रहने समालोचना अब फेसबुक थ्रेड, युट्युब रिभ्यु वा अनलाइन ब्लगमा गरिन्छ । यो प्रवृत्तिले विविध दृष्टिकोण समेट्ने सम्भावना बढाएको छ । एक पाठकले अर्को पाठकसँग सहज ढंगमा बहस गर्न सक्छ, लेखकको विचारलाई चुनौती दिन सक्छ । यसरी साहित्य केवल एकल अभिव्यक्ति नभई संवादको प्रक्रिया बन्न पुगेको छ ।

नेपालमा पनि डिजिटल साहित्यको प्रभाव झन् तीव्र रूपमा बढिरहेको छ । थुप्रै युवा लेखकहरू सामाजिक सञ्जालबाटै स्थापित भएका छन् । कविता, कथा, डायरी, निबन्ध, राजनीतिक व्यंग्य वा समसामयिक टिप्पणी– सबै सामग्री डिजिटल फर्ममा साझा भइरहेका छन् । यस्ता लेखकहरूमध्ये केहीले पछि आफ्नो पुस्तक प्रकाशित गरिरहेका छन् भने केहीले केवल डिजिटलमै सीमित रहेर हजारौं पाठक बटुलेका छन् । डिजिटल युगले अनुवादको क्षेत्रलाई पनि सहज बनाएको छ । अब नेपाली साहित्य अन्य भाषामा रूपान्तरण गरेर विश्वसामु पुऱ्याउन सजिलो भएको छ । त्यस्तै अन्य भाषाको उत्कृष्ट साहित्य पनि नेपाली पाठकमाझ ल्याउन सम्भव भएको छ । यस्ता प्रयासले हाम्रो साहित्यलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउने र भाषिक सीमाभन्दा बाहिर पुऱ्याउने ढोका खोलिदिएको छ ।

यसरी हेर्दा, डिजिटल प्रविधिले साहित्यलाई नयाँ आयाम दिएको छ । तर, हामीले साहित्यको मूल आत्मालाई गुमाउनु हुँदैन । प्रविधि माध्यम हो, उद्देश्य होइन । साहित्य भनेको भावनाको अभिव्यक्ति हो, सोचको प्रतिबिम्ब हो, समाजको ऐना हो । यसलाई केवल 'क्लिक', 'लाइक' वा 'सेयर'को संख्याले मात्र मापन गर्नु अनुचित हुन्छ । हामीले डिजिटल प्रविधिको उपयोग गरेर साहित्यलाई अझ जीवन्त, पहुँचयोग्य र समावेशी बनाउन सक्नुपर्छ ।

निष्कर्षमा, साहित्य र डिजिटल प्रविधि अब परस्पर पूरक बनेका छन् । जहाँ एकले गहिराइ दिन्छ, अर्काले व्यापकता । जहाँ एकले आत्माको आवाज दिन्छ, अर्काले त्यो आवाजलाई संसारभर पुऱ्याउने साधन दिन्छ । हामीले प्रविधिलाई अपनाउँदै साहित्यको मूल मर्म जोगाउने जिम्मेवारी लिनुपर्छ । त्यसैले आजको आवश्यकता हो, डिजिटल युगको साहित्यिक चेतना, जसले न त परम्परा बिर्सन्छ, न त आधुनिकता अस्वीकार गर्छ । बरु दुवैलाई समेट्दै नयाँ सिर्जनाको बाटो खोल्छ । यही बाटो हो, जहाँ साहित्य जीवित रहन्छ, विकसित हुन्छ र समयसँगै सधैं पुनर्जन्म लिन्छ ।

## कविता

# प्रकृति



सत्यजीत

पहाडको काँधमा बसेको जून
तल बग्दै छ सरर नदीको धुन
गगनको निलो क्यान्भासमा
घामले कोरेको, सुनौलो जुन ॥

हरियो डाँडामा, नाच्छ घामको झल्को
पाखामा रमाइरहेछ, बाख्राको झुन्डको लर्को
वनमा हरियालीको लहर
चिरबिर गर्दै उड्छ चरी, छरपस्ट स्वप्नको सहर ।

साँझ पर्दै जाँदा मन्द समीर बग्छ
पिपलको पातसँग सुस्केरा सँगै जाग्छ ।
धरतीको मुटुमा, लय छ र सङ्गीत
कहिलेकाहीँ मौनता पनि गाउँछ गीत ।

पानीको थोपा जस्तै जीवन बगिरहेको
सगरमाथाको काखमा इतिहास लुकेको ।
प्रकृतिको नवरंगी रंगले सजिएको छ चित्र,
जसले मन छुन्छ, बनाउँछ गहिरो मित्र ।

हे मनुष्य !
के तिमी देख्दैनौ यो दृश्य ?
जहाँ, प्रेम छ, शान्ति छ,
र प्रकृतिको, विष्मयमय शृंखला विशिष्ट ।
संवेदनामा प्रकृतिको भाव नबुझे
के लेखिन्छ साहित्य ?
बाँच्नका लागि विज्ञान होस्,
तर, हृदयको भाषा ?
प्रकृति हो, सत्य ।

# सम्झनामा 'थप्रेक'



खिमराज गिरी

गण्डकी, तनहुँ शुक्ल गण्डकी एक नम्बर वडामा
पर्दछ थप्रेक थातथलो हाम्रो, इतिहासको गलामा
छ वंशावली श्रीधर गिरी पुर्ख्यौली तनभरि
दशनामीभित्र पर्दछौं हामी गर्भ छ मनभरि ।

हरियो जंगल फूलैको वासना पाखामा छन् चरी
गगनमुनी मुस्कुराउँछ चन्द्र, सपनाकी ती परी
इतिहासकै चिनो थप्रेक तिमी, पसिना पुर्खाको
श्रीधर सन्तान अत्रय गोत्र, भृगुले चिनाको ।

दुई शतक अघि भादगाउँबाट बसाई सरेको
हावापानी, भन्ज्याङ ठाँटीमा टेकी थप्रेक झरेको
झरना झर झर सम्झना आउँछ त्यो ठूलो गराको
मनमा बस्छ भ्याउँकिरी भ्याइँ भ्याइँ साँझमा
कराको ।

डाँडा र पाखा रमाउँछन् चरी विरह तनभरि
काफलस्वाँरा, फल्याङकोट पाखा रहन्छन् मनभरि
एक घरबाट थालेको बस्ती, सात बिसा पारतिर
छरिए सन्तति गाउँ र सहर रमणीय चारतिर ।

काठमाडौं, लमजुङ, तनहुँ, कास्की, पोखरा चितवन
छरिए पनि बिर्सन्नौं थप्रेक सम्झिन्छौँ छिन् छिन्
भ्यागुते भन्थ्यौं सानैमा हामी, प्रकृति फूलसरि
न्याउली चरी कराउँथ्यो बनमा सम्झना मनभरि ।

पुर्ख्यौली थलो सबैको भलो मनभरि तिर्सना
जहाँ भए पनि सकिन्न कहिल्यै थप्रेक विर्सना
थप्रेक तिमी स्वर्गकी परी कुसुम फूलेको
सम्झना आउने प्रकृति प्रेमी यसैमा भुलेको ।
सम्झना आउने प्रकृति प्रेमी यसैमा भुलेको ॥

# सजिलो छैन युरोप

## कथा



■ खगेन्द्र पौडेल

> *गाउँबाट फोन पायो– बुबाको स्वास्थ्य निकै बिग्रिएको छ । त्यो खबरले ऊ चिप्लिएको भुइँबाट तल खस्यो । त्यही दिन उसले पहिलोचोटि आफैंसँग सोध्यो, मैले के पाएको छु ? न त घर बनाउने पैसा थियो, न त जिन्दगीको स्पष्ट योजना । फगत केही सय युरो, थाकेका हड्डी र ओइलाउँदै गएको उमेर...*

पोखराको शान्त र हरियाली बस्तीमा हुर्केको धीरजमा सानैदेखि परदेश जाने सपना थियो । ऊ सधैं बुवाले सुनाएका कथाहरूबाट प्रभावित हुन्थ्यो– जहाँ विदेश गएका युवाहरूको जिन्दगी झिलिमिली बन्थ्यो, घरमा डलर बग्थ्यो र गाउँलेहरूका नजरमा उनीहरू 'ठुला मान्छे' भइदिन्थे । ती कथाहरूले उसलाई पनि लोभ्यायो । उसले सोचेको थियो- म पनि जानुपर्छ युरोप, जीवन फेर्नुपर्छ । तर धीरजले अनुमान गर्न सकेन, युरोपको जीवनमा डलरभन्दा अघि पसिना र पीडा आउँछ ।

सुरुमा ऊ काठमाडौं आयो । एक जना चिनजानको साहुका साथमा, जसको काठमाडौंमा म्यानपावर कम्पनी थियो । धीरजसँग धेरै पैसा थिएन तर साहुले काम खोजिदिन्छु भन्दै केही रकम अगाडि मागे । गाउँमा घरको कान्छो छोरा भएकाले आमाले ऋण गरेर पठाइदिइन् । धीरजले सोचेको थियो– अब मेरो भाग्य खुल्छ ।

साहुले भनेजस्तै ऊ युरोपको पोर्चुगल पुग्यो । तर, पोर्चुगलको सुरुवाती जीवन निकै कठिन भयो । उसले सोंचेजस्तो काम पाएन । यद्यपि उसलाई युरोपको कार्ड बनाउन पोर्चुगलमै बस्नुपर्ने बाध्यता थियो । उसले भेटाएसम्मको जे पनि काम गऱ्यो । घरमा लाडप्यारको हुर्किएको धिरज युरोपमा भाँडा माझ्ने, सरसफाइ गर्ने जस्ता काम गर्न थाल्यो ।

थाहै नपाई उसको चारवर्ष पोर्चुगलमा बितेछ । पोर्चुगलको नागरिकता पनि पायो । तर, पोर्चुगलको नागरिकता पाएपछि ऊ अन्य मुलुकतर्फ हिंड्यो । उसको पहिलो रोजाइ थियो, बेल्जियम ।

बेल्जियममा पनि उसले पोर्चुगलको जस्तै काम पायो । यद्यपि, त्यहाँ पनि सजिलो थिएन । मात्रै, केही पैसा बढी हुन्थ्यो । कहिले भाषाको समस्या, अनि कहिले काममा जानकार नहुनुले ऊ निकै हैरानीमा पर्थ्यो ।

तर, संघर्ष त्यत्तिमा मात्र थिएन । अरूको मुलुक, अपमानजनक व्यवहार, श्रममा विभेद, खर्चिलो बसाइँलगायतबाट ऊ निकै आत्तिएको थियो । यता, बेलाबखत कमाएको केही हिस्सा घरमा पनि पठाउनुपर्थ्यो । किनकि ऊ युरोप जाँदा ऋण थपिएको थियो ।

बेलाबेला युरोपमा हुँदा उसलाई सपना झल्झली आउँथ्यो– पोखराको फेवाताल, घाम लाग्ने दिउँसोको माछापुच्छ्रे अनि छेउको चिया पसलमा साथीहरूसँगको गफ । त्यो सम्झना आँखा रसाउने बनाउँथ्यो । तर यथार्थ भने चिसो भान्साको भुइँमा बर्तन माझ्दै, आफ्नै छायासँग गफ गर्ने जिन्दगी थियो ।

धीरज युरोपमा संघर्षरत अन्य नेपालीहरूसँग पनि भेट्थ्यो । कोही निर्माण मजदुर, कोही सफा गर्ने, कोही वृद्धहरू हेरचाह गर्ने काममा थिए । सबैको अनुहारमा एउटै कथा हुन्थ्यो– यहाँ रमाइलो छैन, काम मात्र छ तर फर्कन पनि सक्दैनौं किनभने आँखाले देखाइसकेको सपना त्याग्न सकिन्न । त्यहीबीच, धीरजले एक जना नेपाली युवती सुष्मासँग चिनजान गऱ्यो । उनी डेनमार्कमा नर्सिङ पढ्दै थिइन् । फेसबुकबाट सुरु भएको संवाद भेटघाटसम्म पुग्यो । जीवनमा पहिलोचोटि उसले सोचेको थियो– अब केही स्थायित्व आउनेछ । तर युरोपको प्रेम पनि सजिलो थिएन । दूरी, कागजी समस्या अनि भविष्यको अनिश्चितताले त्यो सम्बन्धलाई पनि असहज बनायो । अन्ततः उनीहरू छुट्टिए ।

बेल्जियमको बाक्लो जाडो, कठ्यांग्रिने हात, चर्किएको छाला तर पनि उसले हिम्मत हारेन । उसले सोचेको थियो– गरे के हुन्न ? यत्रो टाढा आउन सक्यो भने, अझै केही गर्न सकिन्छ ।

एक दिन उसले गाउँबाट फोन पायो– बुबाको स्वास्थ्य निकै बिग्रिएको छ । त्यो खबरले ऊ चिप्लिएको भुइँबाट तल खस्यो । त्यही दिन उसले पहिलोचोटि आफैंसँग सोध्यो, मैले के पाएको छु ? न त घर बनाउने पैसा थियो, न त जिन्दगीको स्पष्ट योजना । फगत केही सय युरो, थाकेका हड्डी र ओइलाउँदै गएको उमेर ।

तर, फर्कन पनि सक्दैनथ्यो किनभने यथार्थ यस्तो थियो– नेपाल फर्किएपछि 'विदेश घुमेर आएको' धीरजले गर्ने काम गाउँमा सीमित हुन्थ्यो, नजर फेरिए पनि जिन्दगी फेरिन सक्दैनथ्यो ।

समयले उसलाई विस्तारै परिवर्तन गऱ्यो । अब ऊ पहिलेजस्तो हतारिएर बोल्दैनथ्यो, रमाइलो कुरा हुँदा पनि हाँसोको आवाज गहिरो हुन्थ्यो– मानौं उसको हाँसोले पनि थकाइ लुकाइरहेको होस् । तर, त्यसबीचमा उसले नयाँ एउटा सिप सिक्यो– टाइल्स राख्ने काम । त्यो कामले केही स्थायित्व ल्यायो । उसले केही युरो बचाउन थाल्यो अनि भाइलाई नेपालमै व्यापार गर्न पठायो ।

धीरजका लागि युरोप अब सपना मात्र थिएन, त्यो उसको दोस्रो जीवन बनेको थियो– जहाँ प्रत्येक दिन जिन्दगी जिउनु काम हो अनि आस गर्नु, कुनै दिन आफ्नै घरमा, आफ्नै देशमा, शान्ति पाएला भन्ने ।

तर कहिलेकाहीँ, राति अबेर काम सकेर कोठामा फर्किंदा, ऊ अझै फेवातालको पानी सम्झन्छ । अनि एक्लै भन्छ– सजिलो छैन युरोप तर फर्किन पनि सजिलो छैन ।

# जनताको पसिना धेरै बेचियो, रगत बेच्न मिल्दैन : ऊर्जामन्त्री खड्का

**काठमाडौं/मस–** ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दिपक खड्काले आफुहरु जनताको पसिना बेचेर समृद्धि ल्याउन चाहेको बताएका छन्। शुक्रबार आयोजित माथिल्लो सेती २१६ मेगावाट जलविद्युत् आयोजना सम्बन्धी वित्तीय व्यवस्थापन हस्ताक्षर समारोहमा उनले भने, 'जनताको पसिना बेचियो, तर रगत बेच्न मिल्दैन।'

मन्त्री खड्काले उत्पादित विद्युत्को उचित मूल्य प्राप्त गर्दै मुलुकलाई समृद्ध बनाउने यात्रामा सरकारले कुनै कसर बाँकी नराख्ने दृढता व्यक्त गरे। समृद्धि इनर्जी प्रालिको अगुवाइमा निर्माणाधीन उक्त आयोजनाको वित्तीय व्यवस्थापनका लागि आयोजित कार्यक्रममा मन्त्री खड्काले निजी क्षेत्रको उत्साहजनक सहभागिताले ऊर्जा क्षेत्रमा नयाँ आशा थपिएको बताए। 'निर्माणकालागि आवश्यक सम्पूर्ण वित्तीय व्यवस्थापनको चरण पार भएको छ। अब यो आयोजना समयमै सम्पन्न हुने विश्वासका साथ अघि बढाइएको छ,' मन्त्री खड्काले भने।

उनले ऊर्जा मन्त्रालय मुलुकको दीर्घकालीन समृद्धिको आधार ऊर्जा क्षेत्र



हो भन्ने बुझाइका साथ तीव्र गतिमा अघि बढिरहेको उल्लेख गरे। 'हामी निजी क्षेत्रलाई निरुत्साहित गर्ने प्रवृत्तिलाई स्थान दिन्दैनौं। बुझाइ र भोगाइमा आधारित अवरोधहरूले अब विकास रोकिनेछैन,' उनले भने।

मन्त्री खड्काले लामो समयदेखि विद्युत् खरिद सम्झौता पीपीए रोकिएको, बजार सुनिश्चितता नभएको र ट्रान्समिशन लाइनको अभावजस्ता समस्याले निजी क्षेत्र हतोत्साहित बनेको भए पनि अब ती अवरोध क्रमशः हट्दै गएको बताए। 'देशभित्र १३ हजार ५ सय मेगावाट विद्युत खपत गर्न सकिने सम्भावना छ। भारत र बंगलादेश निर्यात सुरु भइसकेको अवस्थामा अब हाम्रा स्रोत र उत्पादनको सदुपयोग नगर्ने प्रवृत्तिले देशलाई पछि पार्छ,' मन्त्री खड्काले स्पष्ट गरे।

राष्ट्रिय स्रोत साधनको समयमै उपयोग गरेर दिगो आर्थिक विकास सम्भव हुने विश्वास व्यक्त गरे।

यस्ता आयोजनाहरूमा देखिने समस्या समाधान गर्ने जिम्मा सरकारले लिनैपर्छ भन्ने धारणा उनले राखे। समृद्धि इनर्जीका प्रमुख कार्यकारी अधिकृत शैलेन्द्र गुरागाईं र कुमारी बैंकका तर्फबाट रामचन्द्र खनालबीच वित्तीय व्यवस्थापन सम्झौतापत्रमा हस्ताक्षर भई कार्यक्रमका बीच हस्तान्तरण गरिएको थियो।

कार्यक्रममा ऊर्जा मन्त्रालयका सचिव सुरेश आचार्य, बैंक तथा वित्तीय क्षेत्रका प्रतिनिधि, ऊर्जा विज्ञहरू, निर्माण क्षेत्रका पदाधिकारीलगायतको उपस्थिति रहेको थियो। वक्ताहरूले माथिल्लो सेती आयोजना नेपालको ऊर्जा सुरक्षाको दृष्टिकोणले मात्र नभई आर्थिक उत्थानका लागि पनि महत्वपूर्ण कडी हुने धारणा व्यक्त गरेका थिए।

# जुम्लाकी मनिषा चार दिनदेखि बेपत्ता

**पूर्ण सार्की/मध्यान्ह**
जुम्ला, १६ साउन



जुम्ला घर भइ हाल भक्तपुरमा बसोबास गर्दै आएकी १५ वर्षीया किशोरी ४ दिनदेखि बेपत्ता भएकी छन्। जुम्लाको सिंजा गाउँपालिका-५ घर भई भक्तपुरको सिर्जनानगरमा अध्ययनको सिलसिलामा बस्दै आएकी मनिषा भट्ट साउन १२ गते साँझ ६ बजेदेखि सम्पर्कविहीन बनेकी हुन्।

मनिषा भक्तपुरको ठिमी आदर्श माध्यमिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत थिइन्। उनका दाजु धिरेन्द्र भट्टका अनुसार साउन १२ गते सोमबार साँझ ६ बजेपछि उनी अचानक सम्पर्कविहीन भएकी हुन्। 'सोमबार साँझ कोठाबाट निस्किएपछि अहिलेसम्म उनको कुनै अत्तोपत्तो छैन,' उनका दाजु धिरेन्द्रले बताए।

मनिषा बेपत्ता भएपछि अहिले उनका आफन्तले भक्तपुर प्रहरीमा उजुरी दिएका छन् भने विभिन्न माध्यमबाट खोजी कार्य अगाडि बढाइएको छ। तर अहिलेसम्म उनको अवस्थाबारे कुनै जानकारी प्राप्त हुन सकेको छैन।

मनिषालाई देख्ने वा चिन्ने जोकोहीलाई नजिकको प्रहरी कार्यालयमा जानकारी गराउन वा परिवार (दाइ धिरेन्द्र भट्ट ९८४५४०९१६०)सँग सम्पर्क गर्न अनुरोध गरिएको छ। साथै, परिवारले सामाजिक सञ्जालमार्फत पनि सूचना सेयर गरी सहयोगको अपिल गरेका छन्।

## Khairahani Municipality
## Office of the Municipal Executive
Khairahani, Chitwan
Bagmati Province, Nepal

### Invitation for National Competitive Bidding

**Date of Publication: 2082/04/16 (1st, August, 2025)**

Khairahani Municipality, Office of Municipal Executive, Khairahani, Chitwan invites **online bids only** under E-procurement system from eligible bidders for the Following Works given below under National Competitive Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

| S. N. | Contract ID | Works Descriptions | Bid Security Amount and Validity and Bid Fee | Last Date of Bid Submission |
|---|---|---|---|---|
| 1 | 03/Works/ NCB/ KMun/082/83 | Construction of Blacktopped road and Rigid Pavement at different road of Khairahani 6,7,10 | NRS. 8,00,000.00 and 120 days after Bid Opening, NRs. 5000.00 | 2082/05/15 (31st August, 2025), 12:00 hours |
| 2 | 04/Works/ NCB/ KMun/082/83 | Construction of Drain, Asphalt Overlay and Rigid Pavement Works at Khairahani 2,4,12,13 | NRS. 32,00,000.00 and 150 days after Bid Opening, NRs. 10000.00 | 2082/05/15 (31st August, 2025), 12:00 hours |

For Purchasing of bid Document, the office Bank Details are Given Below
Bank: Agriculture Development Bank, Khairahani, Parsa, Chitwan,
Account No: 0509101151064094 Account Name: Khairahani Municipality, Office of Municipal Executive, Khairahani, Chitwan

# रुपन्देहीमा हुने उपनिर्वाचनका लागि दल दर्ता गर्न आह्वान




**काठमाडौं/मस–** निर्वाचन आयोगले रुपन्देहीको प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं ३ मा आगामी कात्तिक १७ गते हुने उपनिवाचनका लागि दल दर्ता गर्न आह्वान गरेको गरेको छ।

उपनिर्वाचनमा भाग लिनका लागि आयोगमा दर्ता कायम रहेका दललाई संविधानअनुसार यही साउन २१ देखि २७ गतेसम्म राजनीतिक दलसम्बन्धी नियमावलीबमोजिमको ढाँचामा आयोगमा दल दर्ताका लागि निवेदन दिन सूचना जारी गरिएको हो। सूचनामा दल दर्ता गर्दा नियमावलीबमोजिमको ढाँचामा निवेदन, राजनीतिक दलको पूरा र संक्षिप्त नाम, स्थापना मिति, आयोगमा दर्ता भएको मिति, केन्द्रीय कार्यालयको ठेगाना, पत्राचार गर्ने ठेगाना, टेलिफोन नम्बर, इमेल, वेबसाइट र सामाजिक सञ्जालको खाता उल्लेख गर्नुपर्ने उल्लेख छ।

यस्तै, दलको केन्द्रीय कार्यकारिणी समिति, प्रदेश र जिल्ला समितिका पदाधिकारी तथा सदस्यको संख्या, पछिल्लो पटक आयोगसमक्ष दलको वार्षिक लेखापरीक्षण प्रतिवेदन पेस गरेको मितिसहितको विवरण पेस गर्नुपर्ने आयोगका सहसचिव तथा प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिए।

# ५ सय २८ विद्यार्थीलाई शैक्षिक सामग्री वितरण



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १६ साउन

बर्दियाको राजापुर नगरपालिका र गेरुवा गाउँपालिकाका ५ सय २८ जना विद्यार्थीलाई छात्रवृत्ति सामग्री वितरण गरिएको छ। उनीहरूमध्ये अधिकांश मुक्त कमैया तथा अतिविपन्न परिवारबाट छन्। छात्रवृत्ति वितरण एक्सन एड नेपाल र कमैया महिला जागरण समाजको साझेदारीमा सञ्चालित 'नेपालमा कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजना' अन्तर्गत गरिएको हो।

राजापुर नगरपालिकाका २७ वटा विद्यालयका ४ सय १३ जना र गेरुवा गाउँपालिकाका ११ विद्यालयका १ सय १५ जना विद्यार्थीले यो सहयोग प्राप्त गरेका छन्।

छात्रवृत्तिको रूपमा विद्यार्थीहरूलाई स्कुल झोला, पोशाक, जुत्ता-मोजा, कापी, डटपेन, ज्यामिति बक्स लगायतका सामग्री प्रदान गरिएको हो। कुल १४ लाख ७५ हजार ४ सय १० रुपैयाँ बराबरको सामग्री वितरण गरिएको परियोजनाले जानकारी दिएको छ।

## सूचना ! सूचना !! सूचना !!!

बाल विकास समाजको ३५ औं वार्षिक साधारण सभा तथा वार्षिक सामाजिक परिक्षण कार्यक्रम एवम् ३४ औं वार्षिकोत्सव समारोह तपशिलबमोजिमको मिति, समय र स्थानमा हुने भएकाले यस संस्थाका सम्पूर्ण आजीवन सदस्य, कार्यसमिति सदस्य, संस्थापक सदस्य तथा सल्लाहकारज्यूहरुमा यसै सूचनामार्फत अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

**कार्यक्रम हुने**
मिति : २०८२ भाद्र २१ गते, शनिबार (September 6, 2025)
स्थान : अल्फा हाउस, नयाँ बानेश्वर, काठमाडौं
वार्षिकोत्सव तथा सामाजिक परिक्षण कार्यक्रम समय : बिहानको ठिक ११:१५ बजेदेखि
वार्षिक साधारण सभा कार्यक्रम समय : दिनको ठीक १:३० बजेदेखि
सर्म्पक नं: ०१-४८२०९३८, ९८५१०६५३७०, ९८५१०२३५००

**डा.रीता सिंह हमाल**
**अध्यक्ष**
**बाल विकास समाज, काठमाडौं**

# सल्यानमा बढ्दै कोदो खेती

**प्रदीप मगर/मध्यान्ह**
सल्यान, १६ साउन



रैथाने बाली प्रवर्धन कार्यक्रमको प्रभावसँगै सल्यानमा परम्परागत अन्नबाली कोदोको खेती विस्तार हुँदै गएको छ। पछिल्लो समय किसानहरू नगदेबालीतर्फ आकर्षित भए पनि स्वास्थ्य लाभ र बजार माग बढ्दै जाँदा कोदोप्रति पुनः चासो बढेको देखिएको छ।

कृषि विकास कार्यालय सल्यानका अनुसार कोदोको उत्पादन क्षेत्र र मात्रा दुबै वृद्धि हुँदै आएको छ। आर्थिक वर्ष २०७९/८० मा जिल्लामा ६८० हेक्टरमा गरिएको कोदो खेती २०८०/८१ मा बढेर ६८५ हेक्टरमा पुगेको छ। सोही अवधिमा कोदो उत्पादन १ हजार २४५ मेट्रिकटनबाट १ हजार २७० मेट्रिकटन पुगेको बाली विकास शाखाले जनाएको छ।

शाखाका प्राविधिक सहायक बसन्त रेग्मीका अनुसार दोलखाबाट ल्याइएको उन्नत मुल बीउ वितरणसँगै खेतीमा वृद्धि भएको हो।

'दार्मा र बनगाडका किसानलाई ५५० किलो बीउ वितरण गरिएको थियो,' उनले भने, 'यसले उत्पादन क्षेत्र विस्तारमा मद्दत गर्‍यो।'

हाल जिल्लाको दार्मा गाउँपालिका, बनगाड कुपिण्डे, शारदा नगरपालिकाका विभिन्न वडाहरू, साथै त्रिवेणी, छत्रेश्वरी, कुमाख र सिद्धकुमाख गाउँपालिकाका उच्च भू-भागमा कोदो खेती फस्टाउँदै गएको छ।

यद्यपि सबै किसान भने कोदो खेतीतर्फ आकर्षित छन् भन्ने छैन। बागचौर नगरपालिका-८, कोटमौलाका कृषक कृष्णबहादुर चन्दले भने बजार अभावका कारण कोदो खेती छाडेर सुन्तला खेतीमा लागेका छन्।

'पहिले खेतभरि कोदो फलाउँथे, तर मूल्य नपाउँदा निराश भइ सुन्तलातर्फ लागे,' उनले भने।

कम पानी, कम लगानी र कमजोर माटोमै उत्पादन गर्न सकिने भएकाले कोदो खेती विशेषगरी उच्च पहाडी र ग्रामीण क्षेत्रका लागि उपयुक्त मानिन्छ। यही सम्भावनालाई ध्यानमा राख्दै सरकारले साउन १६ लाई राष्ट्रिय कोदो दिवसका रूपमा मनाउने निर्णय गरेको छ। 'कोदोजन्य परिकारको आहार: खाद्य सुरक्षा र स्वस्थ जीवनको आधार' भन्ने नारासहित देशभरका स्थानीय तहहरूमा विविध कार्यक्रम आयोजना हुँदैछन्।

कोदोमा पाइने उच्च मात्राको फाइबर, प्रोटिन, क्याल्सियम, आइरन र म्याग्नेसियमले यसलाई पोषणयुक्त अन्नको रूपमा चिनाएको छ। चिकित्सकहरूका अनुसार कोदो मधुमेह, उच्च रक्तचाप र हृदयसम्बन्धी रोग नियन्त्रणमा पनि उपयोगी हुन्छ। विशेषज्ञहरू भन्छन्, 'कोदो जस्ता रैथाने बालीले स्थानीय जैविक विविधता संरक्षण, माटोको गुणस्तर सुधार र वातावरणीय सन्तुलन कायम गर्न सहयोग पुर्‍याउँछ।'

## भूल सुधार

मिति २०८२/०४/१६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित मलेसियामा रोजगार शिर्षकको कम्पनीको नाम: **GCH RETAIL SDN BHD**, **चलानी नं.: ६०२४२०९२, पूर्व स्वीकृत मितिः २०८२/०४/१४ र LT. No.: 328194** को विज्ञापनमा अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २३ गते **(8 August 2025)** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ९८०३३२३५७७,
E-mail: threebrothershrrec@gmail.com
श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५

## भूल सुधार

मिति २०८२/०४/१६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित युएईमा रोजगार शिर्षकको कम्पनीको नाम: **WINSTAR ELECTRICAL CONTRACTING L.L.C**, **चलानी नं.: ६०२३०३३८, पूर्व स्वीकृत मितिः २०८१/०९/१२ र LT. No.: 316080** को पुन विज्ञापनमा अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ साउन २३ गते **(8 August 2025)** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

"A friend at your service"
**Pasa INTERNATIONAL PVT. LTD.**
Kupondol, Lalitpur, Tel: 5439331, 5454499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np, pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

## संस्थापक सेयर बिक्री सम्बन्धी सूचना

यस कम्पनी एभरेष्ट भेन्चर्स लिमिटेडको जगेडामा रहेको केही संस्थापक सेयरहरु बिक्री गर्ने कम्पनी संचालक समितिले निर्णय गरेको हुँदा ईच्छुक र योग्य व्यक्तिहरुबाट कम्पनीको कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना जारी गरिएको छ।

**एभरेष्ट भेन्चर्स लिमिटेड**
**कमलपोखरी, काठमाडौं।**

## युएईमा रोजगार

कम्पनी : **SAFE HEIGHTS CLEANING SERVICES L.L.C** — शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०४/१५ — चलानी नं.: ६०२४२१५२ — L.T. No.: 328289

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 10 | 0 | स. काममा दक्ष | 1400 | ५३,३१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २४ गते (9 August 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt. Lic. No. 865/066/067
**RHYTHM OVERSEAS PVT. LTD.**
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825, 9804766695
9766461836 | 9861734468 Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com

## युएईमा रोजगार

कम्पनी: **BEIGE BEAUTY CENTER L.L.C SP** — शहर: SHARJAH
पूर्व स्वीकृत मितिः २०८२/०४/१५ — चलानी नं.: ६०२४२१३३ — LT. No.:327876

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manucurist | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hair Dresser | 0 | 3 | | 1500 | ५७,१२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २४ गते (9 August 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
**Sky Of The World Manpower Pvt. Ltd.**
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 01- 4591316, Mob.: 9860049528, 9808840910, 9860924657, 9851068774, 9851035867. E-mail : info@skymanpower.com.np Web.www.skymanpower.com.np

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय**
मलंगवा, सर्लाही

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८२/०४/१७**

यसमा हामीहरुका श्रीमान/काका/बाबु/ससुरा रुपनारायण सिंह जय सिंह र अयोध्या सिंह समेत ३ जनाको नाममा दर्ता कायम रहेको जिल्ला सर्लाही छतौना गा.वि.स. वडा नं. १ कित्ता नं. ६५ क्षेत्रफल क्रमश:-०-८-६ को जग्गाको दर्तावाला मध्येका दाजु/जेठान जय सिंहको मिति २०३२/०७/१९ मा अविवाहित अवस्थामा आ-आफ्नै काल गतिबाट मृत्यु भएको, निजको शेषपछिको हकखाने निजको बाबु/आमा क्रमश:-जालिम सिंह/सरधा देवी समेतको आफ्नो/आफ्नो कालगतिले क्रमश: मिति २०३० साल र २०२८ साल भन्दा अगावै मृत्यु भएकोमा निजहरुको शेषपछिको हकखाने एक मात्र सहोदर भाई लक्ष्मी सिंह भएकोमा लक्ष्मी सिंहको पनि आफ्नो कालगतिले मिति २०४५/१०/१५ मा मृत्यु भएकोले निजको शेषपछिको हक खाने निजको एकमात्र श्रीमति गुमा देवी भएको मा गुमा देवीको पनि आफ्नो कालगतिले मिति २०८१/०३/३० मा मृत्यु भएकोले निजको शेषपछिको हकखाने निजको दुई भाई छोरा मध्ये जेठो मोहन सिंह र कान्छो छोरा गोपाल सिंह राजपुत भएको र दर्तावाला मध्ये का रुपनारायण सिंहको पनि आफ्नो कालगतिले मिति २०४५/०३/१५ मा मृत्यु भएकोले निजको शेषपछिको हकखाने निजको एकमात्र श्रीमति राम दुलारी देवी रहेको र दर्तावाला मध्येका अयोध्या सिंहको पनि आफ्नो कालगतिले मिति २०४४/१२/०१ मा मृत्यु भएकोले निजको शेषपछिको हक खाने निजको एकमात्र श्रीमति सुहावन देवी भएकोमा सुहावन देवीको पनि आफ्नो कालगतिले मिति २०५७/०७/१२ मा मृत्यु भएकोले निजको शेषपछिको हकखाने निजको चार भाई छोरा मध्ये जेठो कृष्ण प्रसाद सिंह, माइलो छोरा सच्चिदान्द प्रसाद सिंह, साइलो छोरा दिनेश्वर सिंह र कान्छो छोरा रत्नेश्वर प्रसाद सिंह भएकोमा दिनेश्वर सिंहको पनि आफ्नो कालगतिले मिति २०७४/०७/०६ मा मृत्यु भएकोले निजको शेषपछिको हक खाने निजको एकमात्र श्रीमति किशोरी देवी रहेको र अविवाहित दिदिबहिनी कोही नभएको उल्लेखित जग्गा दर्तावाला श्रीमान/काका/बाबु/ससुरा रुपनारायण सिंह जय सिंह र अयोध्या सिंह समेत ३ जनाको नामबाट हामी पत्नी/भतिजा/छोरा/बुहारी दुलारी देवी, कृष्ण प्रसाद सिंह, सच्चिदान्द प्रसाद सिंह, रत्नेश्वर प्रसाद सिंह, किशोरी देवी, मोहन सिंह र गोपाल सिंह राजपुत समेत ७ जनाको नाममा नामसारी गरीपाउँ भन्ने समेत व्यहोरा खुलाई दर्ता नं. १९२७९ मिति २०८२/०३/२३ को निवेदनबाट माग दाबी गरेको देखिंदा उल्लेखित जग्गा निवेदकको नाममा नामसारी गर्न नमिल्ने कुनै कारण भए वा जय सिंह विवाहित भै निवेदक बाहेक यो जग्गामा हक लाग्ने अन्य हकदारहरु भए वा मागदावीको जग्गा निवेदकहरुको संयुक्त नाममा नामसारी गरी जग्गाधनी प्रमाणपूर्जा दिंदा अरु कोही कसैको हक भोग स्वामित्वमा असर पर्नजाने भए यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटाको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र यस कार्यालयमा स- प्रमाण दावी उजुर गर्न आउनु होला/सूचना गर्नुहोला। तोकिएको म्याद भित्र कसैको दावी विरोध नपरे निवेदकको माग दावीलाई स्वीकार गरेको मानी प्रचलित कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैको लागी सूचित गरिन्छ।

**ईति सम्वत २०८२ साल साउन १६ गते रोज ६ शुभम्........................**

## पुनर्वास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पुनर्वास, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

### बजार दरभाउ माग गरिएको सम्बन्धमा

**प्रकाशित मिति २०८२/०४/१७**

**श्री, जो जससँग सम्बन्ध राख्दछ।**

उपर्युक्त सम्बन्धमा यस पुनर्वास नगरपालिकाको आ.व. ०८२/८३ को लागि कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था, सबै विषयगत शाखा/उपशाखा सञ्चालन गर्नको लागि तपसिलअनुसारको स्टेशनरी/विद्युतीय तथा ईलेक्ट्रोनिक सामग्रीहरु, छपाई, फर्निचर तथा फिक्चर्स, बिउ विजन, औषधी, पशुपन्छी औषधी, आयुर्वेद औषधी, सर्जिकल सामग्री, कृषि तथा पशुपन्छी सम्बन्धी उपकरण, विपद व्यवस्थापन सामग्री, शैक्षिक सामग्रीहरु, कम्प्यूटर, ल्यापटप, डेस्कटप, प्रिन्टर, फोटोकपी लगायतका अन्य सूचना प्रविधि सम्बन्धी सामग्री तथा अन्य विविध सामाग्रीहरू आवश्यक पर्ने भएकोले सो सामग्रीहरुको बजार दरभाउ निर्धारण गर्नुपर्ने हुँदा नियमअनुसार को बजार दरभाउपत्र ७ दिन भित्र उपलब्ध गराईदिनहुन अनुरोध छ।

**तपसिल**

१. स्टेशनरी अन्तर्गत पर्ने सबै सामग्रीहरु,
२. विद्युतीय तथा ईलेक्ट्रोनिक सामग्रीहरु,
३. मेशिनरी तथा यस अन्तर्गत पर्ने सबै सामग्रीहरु,
४. छपाई तथा यस अन्तर्गत पर्ने सबै सामग्रीहरु,
५. फर्निचर तथा फिक्चर्स अन्तर्गत पर्ने सबै सामग्रीहरु,
६. बिउविजन तथा यस अन्तर्गत पर्ने सबै,
७. औषधी तथा यस अन्तर्गत पर्ने सबै औषधीहरु,
८. पशुपन्छी औषधी तथा यस अन्तर्गत पर्ने सबै औषधीहरु,
९. आयुर्वेद औषधी तथा यस अन्तर्गत पर्ने सबै औषधीहरु,
१०. सर्जिकल/ल्याव तथा यस अन्तर्गत पर्ने सबै सामग्रीहरु,
११. विपद व्यवस्थापन तथा यस अन्तर्गतपर्ने सबै सामग्रीहरु,
१२. कम्प्यूटर, ल्यापटप, डेस्कटप, प्रिन्टर, फोटोकपी लगायतका अन्य सूचना प्रविधि सम्बन्धी सामग्रीहरु,
१३. अन्य विविध सबै सामग्रीहरु,

**प्रमुख प्रशासकीय अधिकृत**

# नेपाल इकोसकको अध्यक्षमा निर्वाचित



**काठमाडौं/मस–** नेपाल संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक परिषद् (इकोसक) को अध्यक्षमा निर्वाचित भएको छ । परिषद्मा बिहीबार निर्वाचित भएसँगै नेपालले कार्यभार पनि सम्हालेको छ ।

संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापाले परिषद्को कार्याभार सम्हालेपछि अध्यक्षमा नेपाल निर्वाचित हुनु नेपाल र बहुपक्षीयताप्रतिको नेपालको स्थायी प्रतिबद्धताका लागि 'ऐतिहासिक क्षण' भएको बताएका छन् ।

दिगो विकासका लक्ष्य हासिल गर्न अध्यक्षका रूपमा नेपालले हरसम्भव प्रयत्न गर्ने तथा त्यस निम्ति हालसम्म भएका पहलहरूको प्रभावकारी कार्यान्वयनका साथै साझेदारी र बहुपक्षीयतालाई सुदृढ तुल्याउनेतर्फ आफू क्रियाशील रहने प्रतिबद्धता राजदूत थापाले व्यक्त गरेको न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोगले जनाएको छ ।

'बहुपक्षीयतामा विश्वास पुनःस्थापना गर्ने, विभाजन घटाउने जोखिममा परेकाहरूलाई सशक्त बनाउने र प्रतिबद्धतालाई कार्यमा रूपान्तरण गर्नेमा जोड दिनेछु,' उनले भने । त्यस्तै, आगामी वर्षका लागि अल्जेरिया, स्पेन, डोमिनिकन गणराज्य र आर्मेनिया परिषद्को उपाध्यक्षमा निर्वाचित भएका छन् ।

# सीडीएससीको प्रस्तावित निर्देशिका अव्यावहारिक : चेम्बर




**काठमाडौं/मस –** नेपाल चेम्बर अफ कमर्सले सीडीएस एन्ड क्लियरिङ लिमिटेड (सीडीएससी)द्वारा हालै जारी गरिएको 'धितोपत्र अभौतिकीकरण कार्यसञ्चालन निर्देशिका २०८२' मा प्रस्तावित नयाँ व्यवस्था अव्यावहारिक, लगानी प्रतिकूल र सेयर बजारमै अनिश्चितता पैदा गराउने रहेको जनाएको छ । सीडीएससीले अभौतिकीकृत धितोपत्रहरूलाई संस्थापक र सर्वसाधारणलाई फरक आईएसआईएन नम्बर प्रदान गर्ने तथा लकिङ पिरियडपछि संस्थापक सेयर स्वतः सर्वसाधारणमा परिणत नहुने व्यवस्थाप्रति चेम्बरले प्रेस विज्ञप्ति जारी गर्दै गम्भीर ध्यानाकर्षण भएको जनाएको हो ।

सीडीएससीको निर्देशिका लागू भएमा नेपालको सेयर बजारमा दीर्घकालीन असर पर्ने, लगानीकर्ताको भरोसा कमजोर हुने र विशेषतः ऊर्जा क्षेत्र, सिमेन्ट, होटल, उत्पादनमूलक उद्योग, मिडियालगायतका क्षेत्रमा नकारात्मक प्रभाव पर्ने चेम्बरले जनाएको छ । प्रस्तावित व्यवस्था अन्तर्राष्ट्रिय मान्यता र स्थापित अभ्यासविपरीत हुनेसमेत चेम्बरको ठहर छ ।

नेपालमा सेयर बजार अझै पनि लगानीमैत्री बन्न नसकेको र सीडीएससीजस्तो संस्थाले आफैंले बनाएका पुराना मापदण्ड उल्ट्याउँदै नयाँ व्यवस्था ल्याउँदा बजारमा नकारात्मक मनोविज्ञान उत्पन्न भएको चेम्बरको भनाइ छ ।

चेम्बरले यो निर्देशिका तत्काल संशोधन गरी व्यावहारिक र लगानीमैत्री खालको व्यवस्था बनाउन सरकार तथा नियामक निकायहरूको गम्भीर ध्यानाकर्षण गराएको छ ।

# हुन्डाई फेस्टिभ डिलाइट २०८१ बम्पर अफरको विजेता घोषणा




**काठमाडौं/मस–** लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले 'हुन्डाई फेस्टिभ डिलाइट २०८१ बम्पर अफर' को विजेता घोषणा गरेको छ । बम्पर उपहारस्वरूप नयाँ हुन्डाई भेन्यु १.२ कुबेर कन्स्ट्रक्सन प्रालिले प्राप्त गरेको हो ।

गत वर्षको दसैं र तिहारको अवसरमा 'फेस्टिभ डिलाइट २०८१' अफर २०८१ साउन ६ गतेदेखि कात्तिक २२ गतेसम्म सञ्चालन भएको थियो । सो अवधिमा ग्राहकहरूले आकर्षक नगद छुट, १ लाखसम्मको स्क्र्याच कार्ड पुरस्कार, एक वर्षको सडक कर छुट, एक वर्षको कम्प्रिहेन्सिभ इन्स्योरेन्स, तथा पुरानो सवारी साटासाट गर्दा एक्सचेन्ज बोनसजस्ता सुविधा प्राप्त गरेका थिए ।

बम्पर विजेताको घोषणा साउन १५ गते हुन्डाई नेपालको आधिकारिक फेसबुक पेजमार्फत गरिएको थियो । हुन्डाई प्रतिनिधि र कन्जुमर आई नेपालकी अध्यक्ष विमला खनालको उपस्थितिमा विजेता छनोट गरिएको थियो ।

# दोस्रो चरणको पेट्रोलियम पाइपलाइन परियोजना निर्माण सुरु

**मध्यान्ह संवाददाता**
चितवन, १६ साउन ।




बाराको अमलेखगन्जदेखि चितवनको लोथरसम्म पाइपलाइन विस्तार गर्ने कार्य अघि बढेको छ । नेपाल आयल निगमले शुक्रबार लोथरमा परियोजनाको फिल्ड कार्यालय स्थापना गरेर दोस्रो चरणको पेट्रोलियम पाइपलाइन विस्तारको काम शुभारम्भ गरेको हो ।

राप्ती नगरपालिका-१ लोथरस्थित करिब २३ बिघा १२ कट्ठा जग्गामा अत्याधुनिक सुविधासहितको ग्रिन फिल्ड टर्मिनल निर्माण गरिने निगमले जनाएको छ । आईओसीको मोतिहारी डिपोमा रहेको पम्प हाउसबाटै लोथरसम्म पाइपलाइनका लागि पेट्रोलियम पदार्थ पम्पिङ गर्ने व्यवस्था गरिने निगमले जनाएको छ । अमलेखगन्जदेखि लोथरसम्मको दूरी ६२ किलोमिटरको दूरीमा १० दशमलव ७५ इन्चको पाइपलाइन बिच्छ्याइने निगमले जनाएको छ ।

परियोजना प्रमुख प्रदीपकुमार यादवले पेट्रोलियम पाइपलाइन विस्तार परियोजना शुक्रबारदेखि सुरु भएको बताए । 'सम्पूर्ण कागजी प्रक्रिया पूरा भएको छ, अब कार्यान्वयन सुरु भयो,' उनले भने, 'भोलिबाट सडक निर्माण गर्ने, आईओसीसँग समन्वय गर्ने काम सुरु हुन्छ, तीन वर्षभित्र निर्माण सम्पन्न गरेर सञ्चालनमा ल्याउछौं ।'

यादवले पाइपलाइन परियोजनाबाट पेट्रोलिमय पदार्थ ढुवानी गर्दा वातावरणीय प्रभाव न्यून हुने, पेट्रोलिमय पदार्थको चोरी तथा मिसावट कम हुने उनको भनाइ छ । निगमले स्थानीयसँग समन्वय गरेर काम अघि बढाउने प्रतिबद्धता व्यक्त गर्दै उनले परियोजनाका तर्फबाट स्थानीयलाई रोजगारीलगायत व्यवस्था गरिने बताए ।

निगमका उपनिर्देशक रामहरि निरौलाले निर्धारित समयमै परियोजना सम्पन्न हुने उल्लेख गर्दै टयांकरबाट इन्धन ढुवानी गर्ने समय विस्तारै हट्दै जाने विश्वास व्यक्त गरे । राप्ती नगरपालिका-१ का वडाध्यक्ष सिद्धलाल स्याङ्तानले चितवनकै गौरवको परियोजना यस क्षेत्रमा कार्यान्वयनमा आउँदा स्थानीय खुसी भएको बताए ।

पाइपलाइनबाट २ सय ७३ किलोलिटर प्रतिघण्टाको गतिमा तेल आपूर्ति गर्न सकिने निगमका सहायक प्रबन्धक अनुपम पराजुलीले जानकारी दिए । पूर्वपश्चिम राजमार्गको समानान्तर पाइपलाइन निर्माण गरिनेछ । ६२ किलोमिटर लामो पाइपलाइनमा जुनसुकै बेला नियमित रूपले ३२ सय किलोलिटर इन्धन भण्डारण भइरहेको हुनेछ । पाइपलाइनबाट वार्षिक २० मिलियन टन इन्धन ढुवानी गर्न सकिने सहायक प्रबन्धक पराजुलीले जानकारी दिए । लोथरमा १ सय ६० वर्गमिटरको क्षेत्रफलमा पाइपलाइन स्टेसन निर्माण हुनेछ ।

त्यसस्थानमा पेट्रोल भण्डारणका लागि ११ हजार किलोलिटर क्षमताका तीनवटा भर्टिकल ट्यांकी निर्माण हुनेछ । यस्तै डिजेल भण्डारणका लागि १५ हजार ५ सय किलोलिटर क्षमताका तीनवटा र मट्टीतेल भण्डारणका लागि ८ सय किलोलिटर क्षमताका दुईवटा ट्यांकी निर्माण गरिनेछ । यसै हवाई इन्धनका लागि ३ हजार ६ सय किलोलिटर क्षमताका तीनवटा ट्यांकी निर्माण गरिने निगमले जनाएको छ । लोथरमा बन्ने नयाँ डिपोमा ९१ हजार ९ सय किलोलिटर पेट्रोलियम पदार्थ भण्डारण हुनेछ । यसबाहेक दुईवटा ट्रान्समिक्स ट्यांकी निर्माण गरिनेछ ।

पाइपलाइनसहित भण्डारण गृह निर्माण लागत १४ अर्ब ९ करोड ६० लाख रुपैयाँ लाग्ने अनुमान गरिएको छ । २०८१ जेठमा भारतसँग अमलेखगन्ज-लोथर पेट्रोलियम पाइपलाइन र लोथरमा भण्डारण गृहसहितको सुविधा सम्पन्न डिपो निर्माण गर्ने समझदारी भएको थियो । सो समझदारीमा दुवै देशका सरकारीस्तरका पेट्रोलियम कम्पनीले आपसी सम्झौता गरी निर्माण कार्य प्रारम्भ गर्ने उल्लेख थियो । सोही समझदारीअनुसार गत असोज १७ गते इन्डियन आयल कर्पोरेसन र नेपाल आयल निगमबीच बिटुबी सम्झौता भएको थियो ।

सो सम्झौतामा निर्माण कार्य सुरु भएको ५४ महिनामा परियोजना सञ्चालनमा ल्याउने उल्लेख छ । इन्डियन आयल कर्पोरेसनले सो परियोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) तयार गरिसकेको छ । भारतको मोतिहारीदेखि बाराको खमलेखगन्जसम्मको ६९ किलोमिटर लामो अन्तरदेशीय पेट्रोलियम पाइपलाइन परियोजना २०७६ सालदेखि सञ्चालनमा आएको हो । सुरुवाती चरणमा डिजेल र मट्टीतेल पाइपलाइनमार्फत आयात गरिएकामा केही समय अघिदेखि पेट्रोलियम पदार्थ पनि पाइपलाइनबाट ल्याइएको छ ।

# जुलाईमा भित्रिए ७० हजार विदेशी पर्यटक



**काठमाडौं/मस–** सन् २०२५ को जुलाई महिनामा नेपालले कुल ७० हजार १ सय ९३ जना विदेशी पर्यटकलाई स्वागत गरेको छ । यो संख्या अघिल्लो वर्षको जुलाई महिनाको तुलनामा ८.७ प्रतिशतले बढी हो । नेपाल पर्यटन बोर्डका अनुसार, महामारीपूर्वको अवस्था सन् २०१९ को अप्रिल महिनासँग तुलना गर्दा जुलाई २०२५ मा नेपालले पर्यटक आगमनमा ९९ प्रतिशत रिकभरी गरेको छ । यसले कोभिडपछिको अवरुद्ध पर्यटन क्षेत्रले पुनः लयमा आएको छ ।

सन् २०२५ को जनवरीदेखि जुलाईसम्मको पहिलो सात महिनामा नेपालमा कुल ६ लाख ४७ हजार ८ सय ८२ जना विदेशी पर्यटक आगमन भएको छ । जुन महामारीपछिको कुनै पनि वर्षको तुलनामा उच्चतम आगमन हो । नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीईओ) दीपकराज जोशीले यो संख्याले नेपालको पर्यटन पुनरुत्थान र विश्वभर फेरि एकचोटि लोकप्रिय गन्तव्यका रूपमा स्थापित हुँदै गएको देखाएको बताए ।

जुलाईमा कुल आगमनमध्ये सबैभन्दा बढी भारतबाट मात्रै २७ हजार १ सय ५२ जना अर्थात् ३८ दशमलव ७ प्रतिशत पर्यटक आएका छन् । दोस्रो स्थानमा चीनबाट ६ हजार ८ सय ९० जना (९.८ प्रतिशत), तेस्रोमा अमेरिकाबाट ६ हजार ६ सय २६ जना (९.४ प्रतिशत), बंगलादेशबाट ४ हजार ४ सय १३ जना (६.३ प्रतिशत) र बेलायतबाट ३ हजार ५ सय ४७ जना (५.१ प्रतिशत) पर्यटक नेपाल भित्रिएका छन् ।

क्षेत्रीय विश्लेषण गर्दा दक्षिण एसियाली मुलुकबाट सबैभन्दा बढी ३३ हजार ७ सय ८७ जना (४८.१ प्रतिशत) र छन् अन्य एसियाली मुलुकबाट १३ हजार ५२ जना (१८.६ प्रतिशत), युरोपबाट ९ हजार २ सय ९२ जना (१३.२ प्रतिशत), अमेरिकाबाट १२ हजार सात सय ७५ जना (११.१ प्रतिशत), ओसिनिया क्षेत्रबाट १ हजार ८ सय सात जना (२.६ प्रतिशत), मध्यपूर्वबाट ८ सय २६ जना (१.२ प्रतिशत), अफ्रिकाबाट ३ सय १८ जना (०.५ प्रतिशत) र अन्य क्षेत्रबाट ३ हजार ३ सय २९ जना (४.७ प्रतिशत) पर्यटक आगमन भएको छ ।

'भिजिट नेपाल दशकअन्तर्गत सञ्चालन भइरहेका प्रवर्धनात्मक कार्यक्रम, निजी क्षेत्रको लगानी प्रवाह र विविध पर्यटकीय उत्पादनहरूले पछिल्लो समय नेपालमा पर्यटक आकर्षण बढेको छ,' बोर्डका सीईओ जोशीले भने ।


## युएईमा रोजगार
कम्पनी: PETROL MAHRA FOR GENERAL CONTRCTING LLC — शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८२/०१/२६ — चलानी नं.: ६०२३७५०६ — L.T. No.: 323565 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper (Male) | 7 | 0 | स. काममा दक्ष | 1300 | ४८,४३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २४ गते (9 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

Govt. License No.: 1153/073/074
TEAMPRO H.R. Services Pvt Ltd
P.O. Box:19845 | Halesi Marg, Mandikatar, Budhanilkantha -8, Kathmandu
Phone: 01-4372222, 9851056928, 9851125140 E-mail: teamprohrs@gmail.com

## कुवेतमा रोजगार
कम्पनी: ABRAAJ SERVICES GENERAL TRADING & CONTRACTING CO. — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०५/१३ — चलानी नं.: ६०२२४४१२ — L.T. No.: 309832 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver /Driver | 44 | 0 | स. काममा दक्ष | 150 | ६८,५७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २५ गते (10 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158 ISO 9001 : 2015
Govt. Lic. No.: 821/066/067

## SAUDI/UAE मा रोजगार
Ewan Human Resources Company, Saudi
पुर्व स्वीकृति मिति: २०८२/४/१६ — चलानी नं.: ६०२४२१३५ — LT No. 328243

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner General | 25 | काममा दक्ष | 1000 | ३७,४४०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

Lavori Building Contracting LLC, UAE — पुर्व स्वीकृति मिति: २०८२/४/१६ — चलानी नं.: ६०२४२१३४ — LT No. 328244

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Labouers | 13 | काममा दक्ष | 1000 | ३८,२३५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | रु.१०,०००।- |

अन्तरवार्ता २०८२ साउन २४ गते (9 Aug., 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

CHERISH OVERSEASE PVT. LTD. — Gov. Lic No. 1304/074/075
Samakhusi Town Planning, Kathmandu,Tel: 01-4980414, 4963776
Email : info@cherishovs.com, Website : www.cherishovs.com

## साउदीमा रोजगार
कम्पनी : MOHAMMED SAMI AL SAUD COMPANY — शहर : AL KHARJ
पूर्व स्वीकृत मिति: २०८२/०४/१६ — चलानी नं.: ६०२४२१५४ — LT. No.: 328298

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 2 | 0 | स. काममा दक्ष | 1400 | ५२,१९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २४ गते (9 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि. — श्रम इजाजत पत्र नं. १०२५/०६८/६९
टोखा-१०, सामाखुसी, काठमाडौं, नेपाल, फोन:०१४९५७०४७, मोबाईल: 9705551551, 9761762121, 9816935532
Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np

## साउदीमा रोजगार
कम्पनी: IWAN HUMAN RESOURCES COMPANY IS A CLOSED JOINT STOCK COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०४/१५ — चलानी नं.: ६०२४२११९ — L.T. No.: 328286

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 25 | 0 | स. काममा दक्ष | 1000 | ३७,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २४ गते (9 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि. — श्रम ईजाजत नं.: १०३४/०७२/०७३
Tokha-11 Bhandari Tole, Tokha, Kathmandu, Nepal.
Tel: 4985294 / 4985295, Email: info.royal1034@Gmail.com

## साउदी र कतारमा रोजगार
कम्पनी : COFFEE PREPARATION TRADING ESTABLISHMENT — शहर: AL QASSIM
पूर्व स्वीकृत मिति: २०८२/०४/१५ — चलानी नं.: ६०२४२१५८ — LT. No.:328302

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४४,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : THE THOUSAND AND NINE CONTRACTING ESTABLISHMENT — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८२/०४/१५ — चलानी नं.: ६०२४२१५९ — LT. No.:328304

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver. | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९५,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Heavy Truck Drivers | 1 | 0 | | 1800 | ६९,०६६ | | | | | | |

कम्पनी : AL-KIFAH PRECAST CONCRETE FACTORY — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८२/०४/१५ — चलानी नं.: ६०२४२१५७ — LT. No.:328303

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३७,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : PLANET EVENT AND HOSPITALITY — शहर: QATAR,AL AZIZIYA
पूर्व स्वीकृत मिति: २०८२/०४/१५ — चलानी नं.: ६०२४२१६० — LT. No.:328290

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Receptionist Female | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1300 | ४९,८८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Sales Executive | 0 | 1 | | 2500 | ९५,९२५ | | | | | | |
| 3. | Secretary Female | 0 | 1 | | 2100 | ८०,५७७ | | | | | | |
| 4. | Waiter | 0 | 4 | | 1400 | ५३,७१८ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २४ गते (9 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | साउदीमा रु १०,००० कतारमा नि:शुल्क |

थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि. — श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ९८२३३२३५७७, E-mail: threebrothershrrec@gmail.com

## युएईमा रोजगार
कम्पनी: UNITED ENGINEERING CONSTRUCTION CO UNEC — कम्पनी: DUBAI
पूर्व स्वीकृत मिति: २०८१/०९/०९ — चलानी नं.: ६०२३०५८७ — LT. No.: 315446 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 4 | 0 | स. काममा दक्ष | 950 | ३६,१७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २४ गते (9 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

S.R. Group HR Consultancy Pvt. Ltd. — Govt. Lic. No.: 1123/073/074
Address: Sinmangal-9, Kathmandu | Tel : 01-4110700
Mob.: 9818309178, 9841516281 | Web.: www.srgroupsa.com

## यूएईमा रोजगार
कम्पनी: CLEANCO CLEANING SERVICES CO — शहर: UAE,sharjh
पूर्व स्वीकृत मिति: २०८१/०३/०२ — चलानी नं.: ६०२२१३७५ — L.T. No.: 306681 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 235 | 86 | स. काममा दक्ष | 800 | ३०,४६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २४ गते (9 August 2025) मा हुनेछ ।

